का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ११
- २६ माघ २०७६, आइतबार
- 9 February 2020, Sunday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह


Madhyanha National Daily

राष्ट्रिय दैनिक




# रातारात बुझाइयो जग्गा

**नेकपा महासचिव बिष्णुप्रसाद पौडेलका छोरा नबिन र सर्वोच्चका न्यायाधीश कुमार रेग्मीको नाममा रहेको बालुवाटारस्थित ललितानिवासको जग्गा सरकारी बनाइएको छ । जग्गा फिर्ता गर्ने भएपछि अख्तियारले पौडेल र रेग्मी विरूद्ध मुद्दा चलाएको छैन ।**



**केशर धामी/मध्यान्ह**
काठमाडौं, २५ माघ

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) महासचिव विष्णु पौडेलका छोरा नविन पौडेल र सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मीको नाममा रहेको बालुवाटारस्थित ललिता निवासको जग्गा हतारहतार सरकारी बनाइएको छ । अख्तियार दुरुपयोग अनुन्धान आयोगको पत्र र जग्गा धनीको सनाखतपछि हतारहतारमा रेग्मी र पौडेलको नाममा रहेको जग्गा सरकारको नाममा ल्याइएको हो ।

गत बुधबार आयोगले नवीन र रेग्मी बाहेक १ सय ७५ विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो । उनीहरूले सरकारलाई जग्गा फिर्ता दिन मञ्जुर गरेका थिए । तर आयोगले दर्ता गरेको अभियोग पत्रपछि अदालती प्रक्रिया सुरु नहुँदै शुक्रबार हतारहतार दुवैको संलग्नतामा जग्गा भूमसिुधार तथा मालपोत कार्यालय डिल्लीबजारबाट सरकारको नाममा नामसारी गरिएको हो । बाँकी पृष्ठ २ मा

## विभागीय मन्त्रालय मौन

यो घोटला प्रकरणमा विभागीय मन्त्रालय मौन देखिएको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अहिलेसम्म कुनै चासो देखाएको छैन् ।

सरकारले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र मन्त्रालयलाई अनुसन्धानको जिम्मेवारी दिएको थियो । अख्तियारले पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदार, पूर्वमन्त्री चन्द्रदेव जोशी, डम्बर श्रेष्ठ, अख्तियारकै तत्कालीन प्रमुख आयुक्त दीप बस्न्यात, तत्कालीन सचिव छविराज पन्त, दिनेशहरि अधिकारीसहित १ सय ७५ जनाविरुद्ध विशेष मुद्दा चलाएको छ । सीआईबीले गृह मन्त्रालयमा आफ्नो प्रतिवेदन बुझाएको छ । १ सय ७२ जनाविरुद्ध ठगी र किर्तेमा मुद्दा चलाउन सिफारिस गरिएको सीआईबी प्रतिवेदन सरकारले सार्वजनिक गरेको छैन ।

प्रधानमन्त्रीमातहत रहेको सम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभागले बालुवाटार जग्गा हिनामिनामा मुछिएका पूर्वमन्त्री र व्यापारिक घरानाविरुद्ध अनुसन्धान थालेको छ । तर, विभागीय मन्त्रालयको कामकारबाही भने सुस्त देखिएको छ ।

केही समयअघि मन्त्री पद्माकुमारी अर्यालले तीनै निकायले सँगै काम गरिरहेकाले चाँडै प्रतिवेदन मन्त्रिपरिषद्मा पेस गर्ने बताएकी थिइन् । अन्य दुई निकायले काम गरिसक्दा पनि मन्त्रालय भने चुप बसेको छ ।

मन्त्रिपरिषद्को निर्देशनसँगै बालुवाटारको जग्गा रोक्का गर्ने काम भने मन्त्रालयले गरेको थियो । मन्त्रालयले बालुवाटारको २ सय ८४ रोपनी जग्गामध्ये ४ सय कित्ता रोक्का गरेको छ । जग्गा बाँकी पृष्ठ २ मा

# कीर्तिमानी कुशल



**डेब्यू खेलमै नेपालका युवा अलराउण्डर कुशल मल्लले कम उमेरमा अर्धशतक बनाउने विश्व कीर्तिमानी बनाए । पुरा ओभरमा बलिङ गर्दै एक विकेट लिएका कुशलले नेपाललाई एक दिवसीय तर्फ पहिलो जित दिलाउन महत्वपूर्ण भूमिका खेले भने नेपालकै रोहितकुमार पौडेलको कीर्तिमान तोडे ।**

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २५ माघ

अन्तर्राष्ट्रिय क्रिकेट खेल्न थालेको २२ वर्ष पछाडि सन् २०१८ मा नेपालले एक दिवसीय क्रिकेटको मान्यता पायो । यसको दुई वर्ष पछाडि घरेलु मैदान कीर्तिपुरमा नेपालले पहिलो एक दिवसीय सिरिज खेलिरहेको छ । बुधबार ओमानसँग पराजित भएको नेपालले शनिबार भने अमेरिकालाई ३५ रनले पराजित गरेको छ ।

नेपालको जितमा विनोद भण्डारी, करण केसी, सुशन भारी र सन्दीप लामिछानेले उत्कृष्ट खेले । अनुभवी तथा सिनियर खेलाडी पारस खड्का, ज्ञानेन्द्र मल्ल, दीपेन्द्रसिं ऐरीले राम्रो प्रदर्शन गर्न नसकेको खेलमा डेब्यू खेलमै कुशल मल्लले भने शनसनीपूर्ण प्रदर्शन गर्दै विश्व कीर्तिमान बनाए ।

१५ वर्ष ३४० दिनको उमेरमै कुशलले एक दिवसीयमा कम उमेरमै अर्धशतक बनाउने कीर्तिमान बनाए । उनले सचिन तेन्दुलकर र शाहिद अफ्रिदीलाई उछिनेका नेपालकै रोहितकुमार पौडेलको कीर्तिमानी तोडेका हुन् । एक दिवसीयमा रोहितकुमार पौडेलले विश्व कीर्तिमान बनाउँदा उनी १६ वर्ष १४६ दिनका थिए । सचिन तेन्दुलकर १६ वर्ष २१३ दिन र शाहिद अफ्रिदी १६ वर्ष २१७ दिनका थिए ।

कुशलले ४९ रन बनाउँदै पाँच विकेट गुमेपछि धरासयी बनेको नेपालको ब्याटिङ लाइन उकासेका थिए । बिनोद भण्डारीसँग ८४ रनको शानदार साझेदारी गरेको अलराउण्डर कुशलले पुरा दश ओभर नै बलिङ गर्दै एक विकेट समेत लिए ।

कुशलले रोहितको ठाउँमा प्लेइङ इलेभेनमा अवसर पाएका थिए । उनले ५१ बलमा चार चौका र तीन छक्का प्रहार गर्दै अर्धशतकीय पारी खेले ।

# बोली फेरेका प्रचण्ड

**काठमाडौं/मस** – सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले संघीयताको विषयमा पुनर्विचार गर्न सकिने बताएका छन् । देश संघीय बनाउन प्रमुख भूमिका निर्वाह गरेका प्रचण्ड अन्ततः आफ्नै बोली फेर्न पुगेका हुन् ।

आफूले संघीय लोकतान्त्रिक गणतन्त्रको मार्गचित्र कोर्दै गर्दा सोचेजस्तो संघीयता अहिले नआएको बताउँदै यसबारे पुनर्विचार गर्न सकिने बताएका हुन् । शनिबार नुवाकोटको पञ्चकन्या गाउँपालिकामा आयोजित एक कार्यक्रमलाई सम्वोधन गर्दै प्रचण्डले संघीयताबारे भोलिका दिनमा बहस गर्न सकिने बताए । 'संघीयता त संघीयता हो । तर, सम्झौता गर्दै जाँदा यस्तो भयो' उनले भने । 'केही छैन संविधानले परिमार्जन र संशोधन गर्न सकिन्छ भनेको छ । सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधिनताबाहेक सबै कुरा संशोधन हुन सक्छ । हामीले भनेकै छौं । त्यसमा डिभेट हुन सक्छ ।'

अहिले भएका संरचनामा देशभरि असन्तुष्टि रहेको उल्लेख गर्दै प्रचण्डले आउँदा दिनमा हेरफेर हुन सक्ने बताए । त्यसका लागि धैर्य गरेर बस्न सबैलाई आग्रह समेत गरे । 'केन्द्रीय राजधानी सार्ने विषयमा त छलफल हुनसक्छ भने प्रदेश राजधानी सार्न किन सकिँदैन ?' भन्दै उनले प्रतिप्रश्न गरे ।

अहिलेका लागि बाँकी पृष्ठ २ मा

## लोकतान्त्रिक एशोशिएसनका नवनिर्वाचित अध्यक्ष ढकालको प्रतिवद्धता

# हार जितको दूरी नराखी काम गर्छु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ माघ

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोशिएसनको अध्यक्षमा नरेन्द्र प्रसाद ढकाल विजयी भएका छन् । शुक्रबार सम्पन्न दशौं साधारणसभापछि भएको निर्वाचनमा उनले आफ्ना निकटतम प्रतिद्वन्द्वी भुवन सिं गुरुङलाई ४७ मत अन्तरले पराजित गर्दै अध्यक्षमा विजयी भएका हुन् ।



**वैदेशिक रोजगार विशेष**

दुईवर्षे नेतृत्वका लागि शुक्रबार भएको निर्वाचनमा एशोशिएसनका २ सय ९१ सदस्य मध्ये २ सय ४४ सदस्यले मतदान गरेका थिए । अध्यक्षमा विजयी ढकालले १०३ मत ल्याए । उनी एशोशिएसनको अघिल्लो निर्वाचनमा आफ्ना प्रतिद्वन्द्वी हंशराज वाग्लेसँग १५ मतले पराजित भएका थिए । राजधानीको सामाखुशीस्थित नौकरी नेपाल रिक्रुटमेन्ट सर्भिस प्रा.लि.का सञ्चालक ढकाल पूर्वी पहाडी जिल्ला पाँचथरका हुन् ।

उनका निकटतम प्रतिद्वन्द्वी बसुन्धरास्थित गुरुङ म्यानेजमेन्ट ओभरसिज प्रा.लि.का सञ्चालक गुरुङले ५६ मत ल्याएका थिए भने अध्यक्षका अर्का प्रत्याशी ललितपुर जावलाखेलस्थित लक्की एचआर सोलुसनका सञ्चालक ऋषि शर्माले ४४ मत ल्याएका थिए । त्यस्तै अध्यक्षकै प्रत्यासी गल्फ लिंक ओभरसिज प्रा.लि.की सञ्चालिका सीता देवकोटाले ३९ मत ल्याइन् । गुरुङ नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व द्वितीय उपाध्यक्ष, शर्मा एशोशिएसनका निवर्तमान वरिष्ठ उपाध्यक्ष र देवकोटा संविधानसभा निर्वाचनमा पाल्पाबाट उम्मेद्वार बनिसकेकी र एशोशिएसन संस्थापक सदस्य हुन् ।

यस्तै बरिष्ठ उपाध्यक्षमा एशोशिएसनका निवर्तमान महासचिव तथा रोयल गण्डकी ओभरसिज प्रा.लि.का सञ्चालक तारानाथ अर्याल १०४ मत प्राप्त गर्दै बिजयी भए । अर्यालका निकटतम प्रतिद्वन्द्वी स्टार रे ओभरसिज प्रा.लि.का सञ्चालक भगीरथ राई (रमेश) ले ८३ मत र अर्का उम्मेद्वार ईशान ओभरसिज प्रा.लि.का सञ्चालक थिरमणि पौडेलले ५३ मत प्राप्त गरे । पौडेल एशोशिएसनका पूर्व महासचिव हुन् । राईले गत अधिवेशनमा हाल संघका महासचिव रहेका सुजित श्रेष्ठसँग मत बराबरी ८१ ल्याएपछि गोलाप्रथा हुँदा परिणाम श्रेष्ठका पक्षमा गएको थियो । राईले व्यवसायीबाट प्राप्त मतलाई आफुले शिरोधार्य गर्ने बताए ।

यस्तै उपाध्यक्ष पदमा डिलक्स एचआर सोलुसन प्रा.लिका सञ्चालक जनक खड्का (प्रकाश) १६३ मतका साथ विजयी भए । उनका निकटतम प्रतिद्वन्द्वी मित्र देव घिमिरे (गोपाल)ले ६१ मत प्राप्त गरे ।

यसैगरी ब्लेज बाँकी पृष्ठ २ मा

हार्दिक बधाई तथा शुभकामना



यस प्रा.लि.का सञ्चालक श्री तोरण कुमार कार्कीज्यू नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरमको दशौं साधारणसभाबाट सदस्य पदमा निर्विरोध चयन हुनु भएकोमा हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

फाइन जब रिक्रुटमेन्ट प्रा.लि.
परिवार
सिनामंगल-९, काठमाडौं, फोन : ४११०७२१

हार्दिक बधाई तथा शुभकामना



नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसियशनको दशौं साधारणसभापछि भएको निर्वाचनबाट विजयी अध्यक्ष नरेन्द्र ढकाल, वरिष्ठ उपाध्यक्ष तारानाथ अर्याल, उपाध्यक्ष जनक खड्का (प्रकाश), महासचिव भवानि गिरौला, सचिव कमल काफ्ले कोषाध्यक्ष कृष्ण कुमार जैशी तथा निर्विरोध निर्वाचित सहकोषाध्यक्ष अमिर बास्तोला एवं कार्यसमिति सदस्यहरु ईश्वर सापकोटा, नारायण भुषाल, तोरण कुमार कार्की, चन्द्र बहादुर लिम्बु, सेते लाल पौडेल, नरेन्द्र मणी पराजुली, विक्रम श्रेष्ठ, नगेन्द्र प्रसाद पोखरेल (नवीन), राजेश गौतम र राजेश यादव प्रति हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

बिष्णु प्रसाद गैरे
अध्यक्ष
तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
परिवार
बतीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८

# विवादमा क्वारेन्टाइन

**काठमाडौं/मस–** चीनको वुहानबाट नेपाल फर्काउन लागिएका नेपालीलाई राख्नका लागि भक्तपुरको खरिपाटीस्थित नेपाल विद्युत् प्राधिकरणको दुई वटा भवन खाली गराइएको छ। प्राधिकरणको दक्षिणतर्फको सबभन्दा तल रहेको प्राधिकरणको वातावरण तथा सामाजिक अध्ययन विभाग र होस्टेल भवन खाली गराएको हो। त्यस्तै चीनको वुहानबाट नेपाल फर्काउन लागिएका नेपालीलाई राख्न क्वारेन्टाइनका दुई भवन खाली गराएको नेपाल विद्युत् प्राधिकरण खरिपाटीका सहनिर्देशक केशवराज ओलीले जानकारी दिए।

होस्टेलको तल्लो भवनको सम्पूर्ण सामान प्राधिकरणको माथिल्लो प्रशासनिक भवनमा सारिएको र वातावरण विभाग भवनको सामान पनि सारिएको उनले जानकारी दिए। भवन खाली गराउन होस्टेलमा रहेका बिरामीलाई फर्काइएको र दुवै भवनका सबै सामान झिकेर माथिल्लो प्रशासनिक भवनमा सारिएको छ।

नेपाली सेनाको प्राविधिक, स्वास्थ्य मन्त्रालयलगायत टोलीले अध्ययन गरी उक्त ठाउँको छनौट गर्दै प्रतिवेदन बुझाएपछि सरकारले भक्तपुरको खरिपाटीस्थित प्राधिकरणमा आइसोलेशन वार्डका रुपमा क्वारेन्टाइन राख्ने निर्णय गरेको बताइएको छ।



टोलीले अध्ययनका क्रममा १२४ जनालाई यहाँ राख्न सकिने जानकारी गराउँदै ठाउँ खाली गराएको प्राधिकरणले जनाएको छ। भक्तपुरका प्रमुख जिल्ला अधिकारी होमकला पाण्डे, महानगरीय प्रहरी परिसर भक्तपुरका प्रमुख सवीन प्रधानलगायत सुरक्षा निकायको टोलीले हिजो शुक्रबार उक्त स्थानको अवस्था र तयारीको बारेमा अवलोकन गरी जानकारी लिएको कर्मचारीले बताएका छन्।

टोलीले यो ठाउँको छनोट गर्दा स्वास्थ्य मन्त्रालयबाट आएका कर्मचारीले चीनबाट फर्काउन लागिएका नेपालीलाई राख्न आइसोलेशन मात्रै भएकाले माथिल्लो भवनमा कर्मचारीले काम गर्न सक्ने जानकारी गराएको बताउँदै सहनिर्देशक ओलीले सरकारको यो निर्णयसंगै यहाँका कर्मचारीमा त्रास फैलिएको बताए।

कर्मचारीमा त्रास फैलिएकाले त्यस क्षेत्रमा बसेर काम गर्न सक्ने वातावरण नभएको भन्दै कर्मचारीलाई कहाँ लैजाने भन्ने निर्णय नभएको बताइएको छ। प्राधिकरणभित्र अहिले विभिन्न २६ वटा विभाग एवं कार्यालय रहेको र सबै विभाग बन्द गर्नुपर्ने अवस्था आएको बताइएको छ।

खरिपाटीमा क्वारेन्टराइन राख्ने सरकारको निर्णयसँगै स्थानीयवासीले चर्को विरोध गर्दै आएका छन्। स्थानीयवासीले यो ठाउँमा क्वारेन्टाइन राख्न नदिने भन्दै दैनिक आन्दोलन गर्दै आएका छन्। चाँगुनारायण नगरपालिकामार्फत सरकारलाई ज्ञापनपत्रसमेत बुझाएका छन्।

चाँगुनारायण नगरपालिकाको छैठौ नगरसभाले चीनको वुहानबाट नेपाल फर्काउन लागिएका नेपालीलाई भक्तपुरको खरिपाटीमा राख्ने सरकारको निर्णयप्रति आपत्ति जनाउँदै विकल्प खोज्न आग्रह गरेको चाँगुनारायण नगरपालिकाका नगरप्रमुख सोमप्रसाद मिश्रले जानकारी दिए।

उनले चीनबाट फर्काइएका नेपालीका लागि खरिपाटीमा क्वारेन्टाइन राख्ने सरकारको निर्णय कुनै पनि दृष्टिकोणले उपयुक्त नभएको नगरसभाले ठहर गर्दै त्यसको विकल्प खोज्न आग्रह गरेको उनले जानकारी दिए। चाँगुनारायणको केन्द्र र बस्तीको बीचमा रहेको यो क्षेत्र कुनै पनि दृष्टिकोणले उपयुक्त नभएको भन्दै यो क्षेत्रमा क्वारेन्टाइन राख्दा स्थानीयवासीबाट आउने अवरोध र संकटलाई मध्यनजर गर्दै सरकारलाई अन्यत्र विकल्प खोज्न आग्रह गरेको उनको भनाइ थियो।

चाँगुनारायण नगरपालिका-८ का वडाध्यक्ष परासर सापकोटा, वडा नं २ का अध्यक्ष शिवहरि केसी, वडा नं ३ का अध्यक्ष श्यामसुन्दर धिमाल, वडा नं ४ का वडाध्यक्ष बुद्धिलाल महर्जनले चीनबाट फर्काइएका नेपाली खरिपाटीमा राख्ने निर्णयले आमनागरिकमा त्रास र क्रोध जन्माएको बताउँदै बस्तीको बीचमा क्वारेन्टाइन राख्नु कुनै पनि हालतमा उपयुक्त नभएको बताए।

बस्तीभन्दा दुई किलोमिटर टाढा क्वारेन्टाइन राख्नुपर्ने अन्तर ाष्ट्रिय मान्यतालाई सरकारले मिच्दै बस्तीको बीचमा चीनबाट फर्काइएका नेपाली राख्न खोजेको भन्दै उनीहरुले विरोध गरेका हुन्। वडा नं ९ का वडा सदस्य कमला गिरीले चीनबाट फर्काइएका नेपालीलाई घनावस्तीको बिचमा राख्ने सरकारको निर्णयले स्थानीय बासिन्दादेखि पर्यटकीय क्षेत्रलाई असर पर्ने भन्दै सच्याउन माग गरे।

यसअघि नेपाली कांग्रेसले सरकारको यो निर्णयको विरोध गर्दै आन्दोलन र धर्ना दिएको छ भने नेकपा, नेमकिपा र राप्रपा संयुक्तले पनि खरिपाटीमा क्वारेन्टाइन राख्नै नदिने भन्दै विरोध गरेका छन्। यता सूर्यविनायक वीर दल गणमा पनि क्वारेन्टाइन राख्ने भनिए पनि त्यसबारेमा कुनै जानकारी नआएको र राख्ने ठाउँ नभएको नेपाली सेना वीर दल गणले जनाएको छ।

# हल्ला नगर भन्दा चौकीमाथि आक्रमण

**मध्यान्ह संवाददाता**
सिन्धुपाल्चोक, २५ माघ

सुनखानीका सोम थिङ र उनका साथीहरूले शनिवार राति निकैबेरसम्म मादक पदार्थ सेवन गरे। मापसे गरेर उनीहरू हो-हल्ला गर्दै आफ्नो बाटोतिर लागे। उनीहरू मेलम्ची नगरपालिका र पाँचपोखरी थाङ्पाल गाउँपालिकाको सीमानामा अवस्थित प्रहरी चौकी तिपेनी नजिकै पुगे। त्यहाँ पुगेपछि उनीहरूको हल्ला बढ्यो। प्रहरीले हो-हल्ला नगर्न आग्रह गर्‍यो। तर, उनीहरू प्रहरीको आग्रहको बेवास्था गर्दै चौकीमाथि नै ढुंगामुढा प्रहार गर्न थाले।

मोटरसाइकलमा रहेका १०-१२ जनाको समूहले आक्रमण गर्दा दुई प्रहरी घाइते भएका छन्। मापसे गरेर हो-होल्ला गर्दै हिँडेको समूहले चौकीमा आक्रमण गरेको इलाका प्रहरी कार्यालय मेलम्चीका प्रहरी प्रमुख निरीक्षक फलबहादुर तामाङले जानकारी दिए। 'राति मापसे गरेर बाटोमा हो-हल्ला गर्दै हिँडेको देखेपछि प्रहरीले हल्ला नगर्न आग्रह गर्दा उल्टै प्रहरीमाथि आक्रमण भएको हो।' उनले भने।

आक्रमणबाट प्रहरी चौकी भवनको झ्याल, सिसा समेत फुटेको छ। आक्रमणकारीले प्रहरीको मोबाइल फोन समेत चोरेर लगेका थिए। प्रहरीले थिङलाई भने नियन्त्रणमा लिएको छ।



प्रहरी नियन्त्रणमा रहेका थिङले प्रहरीसमक्ष 'चौकी नजिकै एउटा रेष्टुरेन्टमा रक्सी खाएर चौकीतर्फ गयौं। बीच बाटोमै प्रहरीले देखेपछि हो-हल्ला नगर्न आग्रह गरे। तर, प्रहरी चौकी भवननजिकै पुग्नासाथ ढुङ्गामुढा हान्न सुरु गर्‍यौ।' बयानमा भनेका छन्।

प्रहरी चौकीमा आक्रमण भएपछि प्रहरीले आत्मरक्षाका लागि ४ राउण्ड हवाइ फायर गरेको सिन्धुपाल्चोकका एसपी प्रज्वल महर्जनले जानकारी दिए। प्रहरी चौकीमा आक्रमण भएको घटना थाहा पाउनेबित्तिकै एसपी महर्जन रातारात घटनास्थलमा पुगेका थिए।

आक्रमणबाट तिपेनी चौकीका प्रहरी प्रमुख (असई) सन्तोष कुमार झा र प्रहरी हवल्दार हरिबहादुर मगर घाइते भएका छन्। असई झालाई थप उपचारको लागि काठमाडौं रिफर गरिएको छ भने हवल्दार मगरको मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ।


घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजीकार्य जारी रहेको र थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। तिपेनी प्रहरी चौकी नजिकको गाउँ तथा जङ्गलमा प्रहरीले उनीहरुको खोजी भइरहेको छ।

घटनामा प्रयोग भएका चार मोटरसाइकल नियन्त्रणमा लिइएको एसपी महर्जनले बताए। गाउँमा, जंगलमा तथा सम्भावित नाकामा खोजी व्यापक पारिएको छ।

# सकारात्मक समाचारलाई प्राथमिकता दिऔं : मुख्यमन्त्री पौडेल

**हेटौंडा/मस–** बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले देशलाई समृद्ध बनाउने योजनालाई सफल बनाउन पत्रकार पनि लाग्नुपर्ने बताएका छन्। पौडेलले समाज परिवर्तन गर्ने दायित्व पत्रकारको पनि भएको बताउँदै सकारात्मक समाचारलाई प्रथमिकता दिन अनुरोध गरे।

प्रेस संगठन, नेपालको बागमती प्रदेश कमिटीका सदस्य तथा पदाधिकारीको शपथग्रहण कार्यक्रम तथा प्रथम प्रदेश भेलामा आज बोल्दै उनले सञ्चारमाध्यमले नकारात्मकता प्रवाह गरेर नागरिकमा नैराश्यता पैदा गराइदिनु नहुने बताए। पत्रकारले सरकारका राम्रा कामका बारेमा जनतालाई सुसूचित गराउनुपर्ने बताउँदै उनले पत्रकारहरु आफ्नो दायित्वबाट पन्छिन नहुने धारणा राखे। उनले अवस्थाअनुसार नेतृत्व अलग हुने गरे पनि सरकार भनेको देशको स्थायी राज्य सञ्चालक भएकाले सरकारप्रति नै बितृष्णा उत्पन्न गराउँदा जनताको नैराश्यता बढ्ने र राष्ट्रियता कमजोर हुने भन्दै मुख्यमन्त्री पौडेलले सरकारप्रति सकारात्मक भईदिन अनुरोध गरे।



सरकारले गरेका राम्रा कामलाई राम्रो र नराम्रा कामलाई नराम्रो भन्नुपर्नेमा कतिपयले नराम्रोलाई नराम्रो भनिहाल्ने तर राम्रोलाई नदेख्ने र देखिहाले पनि नराम्रो गरी नै प्रस्तुतिकरण गर्ने गरेको देखिएकोले त्यसले कसैलाई पनि राम्रो नगर्ने उनको भनाइ थियो। 'हामी मात्रै ठिक र अरु सबै बेठिक भन्ने मानसिकतालाई त्याग्नु आवश्यक छ,' उनले भने।

कार्यक्रममा प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री शालिकराम जम्कट्टेलले पत्रकारका लागि प्रदेशले धरै कुरा गर्न चाहेको भए पनि नसकिरहेको बताए। उनले देशको 'मेकानिज्म' नै परिर्वतनको बाधक भएको बताए। उनले व्यवस्था बदलिएर पनि कसैलाई केही फरक नपरेको बताए। मन्त्री जम्कट्टेलले कुरा गरेर समाजवाद नआउने बताउँदै काम गरे मात्र परिवर्तन हुने उल्लेख गरे। विश्वमा भएको विकास हेरेर जानेर लागू गर्न हामी किन सकिरहेका छैनौं भन्ने मूल्यांकन गरिनुपर्ने उनको भनाइ थियो। वर्तमान व्यवस्था यथास्थितिवादीहरुको नदेखिँदो घेराबन्दीमा रहेको बताउँदै त्यो तोड्न पत्रकार लाग्नुपर्ने उनको भनाइ थियो।

# चट्याङले तीन जनाको मृत्यु



**दाङ/मस–** दाङ र आसपासको क्षेत्रमा शनिबार दिउँसो हावाहुरीसहित पानी आएको बेला परेको चट्याङमा जिल्लाका छुट्टाछुट्टै दुई स्थानमा तीनको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय दाङले दिएको जानकारीअनुसार तुलसीपुरमा एक महिला र एक बालिकाको चट्याङ लागेर मृत्यु भएको छ भने घोराहीमा एक बालकको चट्याङमा परी मृत्यु भएको छ।

प्रहरीका अनुसार दिउँसो करीब १:०० बजे तुलसीपुर उपमहानगरपालिका वडा नं ७ निवासी गीता चौधरीको घरमा चट्याङले हानेको थियो। चट्याङमा परी उनकी सात वर्षीया छोरी सृष्टि र सोही ठाउँ निवासी ५४ वर्षीया लक्ष्मी आचार्य घाइते भएका थिए। उनीहरुको उपचारको क्रममा मृत्यु भएको हो।

त्यस्तै घोराही उपमहानगरपालिका वडा नं ११ हापुर निवासी सूर्यबहादुर पुरीका आठ वर्षीया छोरा ताराको पनि मृत्यु भएको छ। आँगनमा खेलिरहेको अवस्थामा बालकलाई चट्याङले हानेर घाइते बनाएको थियो। बालकको राप्ती उपक्षेत्रीय अस्पतालमा उपचारका लागि ल्याउँदै गर्दा बाटोमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब निरीक्षक सुमित खड्काले जानकारी दिएका छन्।

# कपिलवस्तुको तौलिहवामा सीसीटीभी जडान हुँदै

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, २५ माघ

५ वर्ष अघि जडान भएका सीसी क्यामेरा काम नलाग्ने भएपछि कपिलवस्तु नगरपालिलकाले तौलिहवा बजारमा नयाँ सीसी कयामेरा जडानको तयारी शुरु गरेको छ। चेम्बर अफ कमर्सका जिल्ला अध्यक्ष गोपीकृष्ण शर्मा, सामुदायिक प्रहरीका अधयक्ष देबी प्रसाद बर्मा, प्रहरी कार्यालयको अगुवाईमा र स्थानीय व्यापारीको सहयोगमा तौलिहवा बजारको विभिन्न स्थानमा लगाइएको क्यामेरा मर्मतको अभावले चल्न छाडेका छन्। सीसी क्यामेरा बन्द हुँदा तौलिहवा बजारको सुरक्षामा समस्या आएको व्यपारीहरु बताउँछन।

नगर क्षेत्रको सुरक्षा व्यवस्था चुस्त बनाउन तौलिहवा बजारका ११ स्थानमा सीसी क्यामेरा जडानको कार्य अघि बढाइएको नगर प्रमुख किरण सिंहले बताए। नगर क्षेत्रमा सीसी क्यामेरा जडानका विषयमा नेपाल प्रहरी, बैंक तथा वित्तिय संथाका प्रतिनिधिहरुसँग राखिएको समन्वय बैठकमा नगर प्रमुख सिंहले सो जानकारी गराएका हुन्।



तौलिहवा बजारको सुरक्षामा जडान हुने सीसी क्यामेराको लागत अनुमान नगरपालिकाले तयार गर्ने छ। त्यसको जानकारी बैंकहरुलाई गराइने छ। सीसी क्यामेरा जडानका लागि तौलिहवामा रहेका एक दर्जन बैंकले सहयोग गर्ने प्रतिबद्धता समेत जनाएका छन।

नगर प्रमुख सिंहले भने, 'अब नगर क्षेत्रमा चाडै सीसी टिबि जडान हुनेछ।' जडान हुने स्थानहरु कपिलवस्तु नगरपालिकाको वडा नम्बर १ को वडा कार्यालय अगाडि, नयाँ टोल चोक, हुलाकी चोक, गौढी चोक, भवानी भिक्षु चोक, महिता चोक रहेका छन्।

यस्तै जमुहार नहरको पुल, जिल्ला प्रशासन कार्यालय अगाडि, कृषि विकास बैंक अगाडि, शिवालय चोक पश्चिम बजार जाने बाटो र नारदको घर अगाडि जडान गर्ने योजना छ। बैठकमा प्रमुख प्रकाशकीय अधिकृत बिमलराज आचार्य, प्रहरी निरीक्षक लाल बहादुर बिक, ईन्जिनीयर राजेशसैनी लगायतका बैंकका प्रतिनिधिहरु सहभागी थिए।

## बोली...

राष्ट्रिय राजनीतिमा स्थायित्व बनाइ राख्न र संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान कार्यान्वयनको सहज वातावरण बनाउन आफूहरूले प्रदेशको राजधानी हेटौंडा र नाम बागमती राख्न सुझाएकाले स्थानीय जनप्रतिनिधिलाई दोष नदिन आग्रहसमेत गरे।

## विभागीय...

रोक्का, सुवर्णशमशेरका सन्तानको जग्गाको हदबन्दी, २०२१ सालमा सरकारले गरेको जग्गा अधिग्रहणलगायत विषयमा छानबिन गर्ने जिम्मेवारी मन्त्रालयले पाएको छ। मन्त्रालयका प्रवक्ता एवं सहसचिव जनकराज जोशीले छानबिन प्रतिवेदन तयार भइरहेको बताए। छानबिन पूरा भएको र अब मन्त्रिपरिषद्मा पेस गर्ने तयारी भइरहेको उनको भनाइ छ।

## पौडेलको...

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशनको पालना गर्दै पौडेल र रेग्मीको नाममा रहेको जग्गा शुक्रबार नै सरकारका नाममा खिचिएको भूमसुधार तथा मालपोत कार्यालय डिल्लीबजार स्रोतले जनाएको छ। पौडेल र रेग्मीले आफ्नो नाममा रहेको जग्गा सरकारलाई छाड्न तयार भएको भन्दै अख्तियारले दुबैलाई मुद्दा नलाग्ने बताएपछि यसको चौतर्फी विरोध हुँदै आएको छ।

प्रमुख विपक्षी नेपाली कांग्रेसले ललितानिवास प्रकरणमा जग्गा फिर्ता गर्न मञ्जुर भएकै कारण पौडेल र रेग्मीमाथि मुद्धा नचलाउने अख्तियारको निर्णयमाथि प्रश्न उठाउँदै सदन अवरुद्ध गर्नुका साथै सडक आन्दोलन थालेको छ।

अत्यधिक विवादमा परेपछि पौडेल र रेग्मी आफ्नो नाममा रहेको जग्गा जतिसक्दो छिटो सरकारका नाममा फिर्ता गरेर अनुसन्धानमुक्त हुन हतारमा थिए। यस विषयमा केही दिन अगाडि विष्णु पौडेलले दलका शीर्ष नेताहरूसँग छलफल समेत गरेका थिए। त्यसैगरी, न्यायाधीश रेग्मीले पनि आफ्ना चिनजानका कर्मचारी र नेताहरूलाई कुरा मिलाइदिन आग्रह गर्दै आइरहेका थिए।

अख्तियारको निर्णय विवादमा आएपछि दुवै अदालती प्रक्रियाअघि नै संकट टार्न प्रयासरत थिए। अन्ततः दुवै जनाले आफ्नो नाममा रहेको ललितानिवासके जग्गा सरकारको नाममा नामसारी गर्न सफल भएका हुन्।

## लोकतान्त्रिक...

एसोसिएट प्रा.लि.का सञ्चालक भवानी निरौला १५३ मतका साथ महासचिव पदमा विजयी भए। उनी एशोशिएसनमा सदस्य र सचिव हुँदै महासचिव बनेका हुन्। उनका प्रतिश्पर्धी फेमस ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक चिरञ्जीवी बस्यालले ८६ मत प्राप्त गरे।

सचिव पदमा लिंक ईन्टरनेशनल प्रा.लि.का सञ्चालक कमल काफ्ले १६० मतका साथ विजयी भए भने उनका प्रतिद्वन्दी मार्स म्यानपावर प्रा.लि.का सञ्चालक प्रकाश बोहराले ७८ मत पाए। काफ्ले एशोशिएसनका निवर्तमान कोषाध्यक्ष हुन्।

त्यस्तै कोषाध्यक्षमा जि.आर इन्टरनेशनल प्रा.लि.का सञ्चालक कृष्ण कुमार जैसी विजयी भएका छन्। उनी निवर्तमान कार्यसमितिमा सदस्य निर्वाचित भएका थिए। केहीदिन महासचिवमा उम्मेद्वार बन्ने भनी चर्चामा रहेका जैसीले १०३ मत पाए भने उनका निकटतम प्रतिद्वन्दी सञ्जय पनेरुले ६९ मत र अर्का उम्मेद्वार इन्द्र प्रसाद आचार्यले ६७ मत ल्याए। पनेरु र आचार्य अघिल्लो कार्यसमितका सदस्य हुन्।

सहकोषाध्यक्ष र सदस्यमा निर्विरोध निर्वाचित भएका छन्। सह कोषाध्यक्षमा ह्याप्पी नेपाल ओभरसिज प्रा.लि.का अमिर बाँस्तोला निर्विरोध निर्वाचित भएका हुन् भने १० सदस्य पदमा ईश्वर सापकोटा, नारायण भुषाल, तोरण कुमार कार्की, चन्द्र बहादुर लिम्बु, सेते लाल पौडेल, नरेन्द्र मणी पराजुली, विक्रम श्रेष्ठ, नगेन्द्र प्रसाद पोखरेल (नवीन), राजेश गौतम र राजेश यादव निर्विरोध निर्वार्चित भएका हुन्।

एशोशिएसनको नवनिर्वाचित कार्यसमिति सदस्यहरुलाई महाधिवेशन स्थल अनुपम फुडल्याडमा नै मतगणनाको परिणाम लगत्तै शनिबार बिहान प्रमुख निर्वाचन अधिकृत कमलदेव मल्लले पद तथा गोपनियताको शपथ दिलाए। शपथपछि एशोशिएसनको कार्यसमितिको पहिलो बैठक बसेको थियो। नवनिर्वाचित कार्यसमितिलाई एशोशिएसनका पूर्व अध्यक्ष तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद गैरे, फोरम तथा संघका पूर्व अध्यक्ष विमल ढकाल र एशोशिएसनका पूर्व अध्यक्ष प्रज्ञान न्यौपानेले बधाई तथा कार्यकाल सफलताको शुभकामना दिँदै निर्वाचनको प्रतिश्पर्धालाई भुलेर नेपाली कांग्रेसको आदर्श, नीति सिद्धान्त र कार्यक्रम तथा वैदेशिक रोजगार व्यवसायीहरुका सामूहिक समस्या समाधान गर्ने उद्देश्य राखी काम गर्न आग्रह गरे।

नवनिर्वाचित अध्यक्ष ढकालले निर्वाचनको प्रतिश्पर्धा सामान्य प्रजातान्त्रिक अभ्यास भएको भन्दै जित्ने ठूलो र हार्ने सानो भन्ने दुरी नराखी आफुले काम गर्ने बताए। उनले वैदेशिक रोजगार व्यवसायमाथि देखिएका समस्या समाधान गर्न आफुले प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल र वैदेशिक रोजगार गणतान्त्रिक व्यवसायी मञ्च तथा अन्य जातीय तथा भेगीय संघसस्थाहरुसँग छलफल चलाएर निकास निकाल्ने, नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वलाई सहयोग गर्नुका साथै एशोशिएसनलाई रचनात्मक रुपमा अघि बढाउने बताए।

**उपाध्यक्ष खड्कालाई लोकप्रिय मत**

एशोशिएसनको निर्वाचनमा २ सय ९१ महाधिवेशन प्रतिनिधि रहेका थिए। त्यसमा २ सय ४४ मतदाताले मतदान गरे। सबै लोकप्रिय मत उपाध्यक्षका उम्मेद्वार डिलक्स एच आर सोलुसन प्रा.लि.का सञ्चालक जनक खड्का (प्रकाश)ले पाए। गत निर्वाचनमा सचिवमा पुष्पराज न्यौपाने ९७ मतसहित विजयी हुँदा प्रतिश्पर्धी खड्काले ६५ मत मात्र पाएका थिए।

कार्यसमितिमा दोस्रो लोकप्रिय मत महासचिव पदमा विजयी भवानी निरौला र तेश्रो लोकप्रिय मत सचिव पदमा विजयी कमल काफ्लेले पाए। एशोशिएसन भित्र नवनिर्वाचित अध्यक्ष ढकाल र वरिष्ठ उपाध्यक्ष अर्यालले पाएको मत बराबर देखिन्छ। अध्यक्ष ढकालले १०३ मत पाउँदा वरिष्ठ उपाध्यक्ष अर्यालले एक मत बढी १०४ मत पाए।

# 'पूर्वप्रधानमन्त्री नेपाल र भट्टराईले उन्मुक्ति पाउनु हुन्न'

**काठमाडौं/मस–** मानवअधिकारवादी कृष्ण पहाडीले जनताको ठूलो त्याग र उत्साहबाट स्थापित लोकतान्त्रिक गणतन्त्रमाथि नेताहरुको भ्रष्ट आचरण, तिनलाई राज्य संयन्त्रबाट हुने उन्मुक्ति र दण्डहीनताका कारण खतरा बढेको बताएका छन्।

मानवअधिकार तथा शान्ति समाजको संस्थापक सभापतिसमेत रहेका पहाडीले शनिबार विज्ञप्ति जारी गरी बहुचर्चित बालुवाटार जग्गा अनियमितता प्रकरणमा गहिरो अनुसन्धान एवं अध्ययनले उक्त प्रकरणमा पूर्व प्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा बाबुराम भट्टराईको समेत संलग्नता छर्लङ भएको उल्लेख गरेका छन्।

'नेपालको लोकतान्त्रिक आन्दोलनमा माधव नेपालको र गणतन्त्र स्थापनामा डा बाबुराम भट्टराईको विशेष योगदान रहेको विदितै छ, त्यही योगदानको आधारमा उहाँहरुले उन्मुक्ति पाउन सक्नुहुन्न किनकि उत्कृष्ट लोकतान्त्रिक पद्धतिमा दण्डहीनता र उन्मुक्तिलाई कुनै स्थान हुँदैन,' विज्ञप्तिमा भनिएको छ।

प्रधानमन्त्रीको रुपमा कार्य सम्पादन गर्दा नेपाल र भट्टराईले राष्ट्रलाई नोक्सान हुने गरी पटक पटक मन्त्रिपरिषद्बाट निर्णय गराएको सन्दर्भमा अब राज्यले उक्त प्रकरणमा दुवै पूर्वप्रधानमन्त्रीलाई पनि कारवाहीको प्रक्रिया अघि बढाइ त्यसको न्यायिक निरुपण गर्नुपर्ने नागरिक आन्दोलनका अगुवा पहाडीको माग छ।

उक्त प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वउपप्रधानमन्त्री विजय गच्छदारसहित १७५ जनालाई मुद्दा चलाएको सन्दर्भमा न्याय निरुपणमा सबैले सहयोग गरी 'स्वतन्त्र न्यायालय' बाट हुने निर्णयलाई सबैले स्वीकार गर्नुपर्नेमा उनले जोड दिएका छन्।

गच्छदारमाथि मुद्दा चलाएको घटनालाई लिएर नेपाली कांग्रेस जस्तो लोकतान्त्रिक एवं विधिको शासनको वकालत गर्ने दलले संसद् अवरुद्ध गर्नु, भातृ सङ्गठनहरुलाई सडकमा उतार्नु अशोभनीय एवं दुर्भाग्यपूर्ण भएको विज्ञप्तिमा उल्लेख छ।

कांग्रेस उपसभापति रहेका गच्छदारमाथि मुद्दा चलाइएको घटनालाई कांग्रेस माथिकै आक्रमण भनी भएको दुष्प्रचारले आफू दुखित भएको पहाडीले विज्ञप्तिमा उल्लेख गरेका छन्।


**मोटरसाइकल हराएको सूचना**

मिति २०७६/०९/२७ गते राती २:०० बजे चन्द्रागिरी न.पा. वडा नं. ६ घरको कम्पाउण्डमा पार्किङ गरी राखेको स्थानबाट बा ९३ प ३३४० नम्बरको कालो कलरको बजाज मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु।

**सवारी धनी** : राजिव गिरी
**ठेगाना**: चन्द्रागिरी-६, काठमाडौं
**च्यासिस नं**: MD2A13EY3JCK09986
**इन्जीन नं** : DKYCJK09595
**सम्पर्क** : ९८५१०१३३३५

## राष्ट्रपतिबाट सम्पदाको अवलोकन
# ‘पुनर्निर्माणको पछिल्लो प्रगति देखेर उत्साहित भएँ’

**काठमाडौं/मस–** राष्ट्रपति विद्यादेवी भण्डारीले भूकम्पपछि पुनर्निर्माण भइरहेका सम्पदाहरुको अवलोकन गरेकी छन् । शनिबार राष्ट्रपति भण्डारीले रानीपोखरी, धरहरा, बालगोपालेश्वर मन्दिर, बसन्तपुर दरबार स्क्वायरको अवलोकन गरेकी हुन् । राष्ट्रपति भण्डारीले शनिबार बिहान रानिपोखरीबाट अवलोकन शुरु गरी बालगोपालेश्वर मन्दिर, धरहरा, सुन्धारा क्षेत्र, काण्ठमण्डप र हनुमान ढोका दरबार क्षेत्रको अवलोकन गरेकी थिइन् ।

राष्ट्रपति भण्डारीले ऐतिहासिक प्राचिन सम्पदा पुनर्निर्माणको पछिल्लो प्रगति देखेर आफू उत्साहित भएको बताइन् । विसं २०७२ बैशाख १२ गतेको भूकम्पबाट क्षति पुगेका सम्पदा पुनर्निर्माण शुरुवात गर्न प्रारम्भमा ढिलाइ भएको प्रसंग स्मरण गर्दै राष्ट्रपतिले भनिन्, ‘समस्या समाधान गरेर अहिले ठिक ढंगले निर्माण कार्य अघि बढिरहेको छ, यस कार्यमा संलग्न सबैमा धन्यावाद भन्न चाहन्छु ।’

पुनर्निर्माणले गति लिएको समयमा राष्ट्रपतिको भ्रमणले अत्यन्तै महत्व राख्ने राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशिल ज्ञवाललीले बताए । भूकम्पपछिको पुनर्निर्माणको कामले द्रुत रुपमा गति लिएको उनले बताए । सम्पदाहरुको पुनर्निमार्णको काम तोकिएको अवधिभित्र सम्पन्न हुनेमा आफु विश्वस्त रहेको बताउँदै उनले



महानगरपालिका, स्थानीय समुदाय र पुरातत्वविभाग सबै मिलेर अगाडि बढ्नुपर्ने बताए ।

आगामी बैशाखसम्म काम सपन्न गर्ने लक्ष्यका साथ रानीपोखरी पुनर्निर्माण भइरहेको छ । पहिलो चरणमा रानीपोखरी पुनर्निर्माण समितिले पोखरीको पिँध र पोखरी वरिपरिको पर्खाल निर्माण गरिरहेको छ । गत वर्षको चैत ११ गतेबाट शुरु भएको कामको सम्पूर्ण लागत ९ करोड ५४ लाख ३७ हजार ५ सय ४७ रुपैयाँ रहेको छ ।

त्यसैगरी बालगोपालेश्वर मन्दिर, पुल तथा सौन्दर्यकरणका अन्य कामहरुका लागि सी.एम/तुलसी जेभीले जिम्मा पाएको छ । २०७६ असार २४ गतेबाट काम शुरु भएको थियो । कुल लागत १४ करोड २७ हजार ५ सय ५७ रुपैयाँ रहेको छ ।

देस्रो चरणमा जमल र शान्तिबाटिकामा सौन्दर्यीकरणका कामहरु गरिनेछ । रानीपोखरी पुनर्निर्माणका क्रममा कुन शैलीमा निर्माण गर्ने भन्ने विवाद उत्पन्न हुँदा निर्माणमा केही ढिलाई भएको थियो । पछि ग्रन्थकुट शैलीमा निर्माण गर्ने सहमति भएपछि काम शुरु भएको थियो ।

राष्ट्रपतिले शनिबार नै दरबार हाइस्कुलको पनि अलोकन गरेकी छन् । दरबार हाइस्कुलमा चिनियाँ राजदूत हाउ यान्छीले राष्ट्रपतिलाई स्वागत गरेकी थिइन् । चीन सरकारको सहयोगमा पुनर्निर्माण भइरहेको हाइस्कुलको निर्माण अन्तिम चरणमा पुगेको छ । भूकम्पपछि क्षति पुगेको हाइस्कुलको रेट्रोफिटिङ गर्ने योजना रहेपनि सम्भव नभएपछि पुनर्निर्माण नै थालिएको थियो । ८५ करोड ५९ लाख लागतमा निर्माण शुरु गरिएको थियो । जम्मा ६० वटा कक्षाकोठा रहेको भवनमा ३० कक्षाकोठामा विद्यार्थी राखिने छ । बाँकी ३० वटा कक्षाकोठामा पुस्तकालय, विज्ञान प्रयोगशाला, आइटी ल्याब राखिने छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव महेश प्रसाद दाहालले विद्यालय पूर्णतः आइटीमा आवद्ध गरिएको बताए । जम्मा ४० वटा सीसी क्यामेरा जडान गरिएको छ । भानु माध्यामिक विद्यालय र कक्षा ६ देखि १२ सम्म संस्कृत तर्फको अध्ययन हाइस्कुलबाट हुँदै आएको छ । १ महिनाभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ । बैशाख १२ गते भित्र नै उद्घाटन गर्ने तयारी रहेको सचिव दाहालले बताए ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत ज्ञवाली, महानगरका मेयर विद्यासुन्दर शाक्यले रानीपोखरी, दरबार हाइस्कुलसँगै धरहराको पनि राष्ट्रपतिलाई अवलोकन गराएका थिए । बैशाख १२ गतेभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको धरहरा निर्माणको काम द्रुत गतिमा अगाडि बढिरहेको छ । हरेक एक हप्तामा एक तला थप्ने योजनाका साथ काम भइरहेको छ । धरहरा सातौ तला निर्माण भइरहेको छ । धरहरा बाहिरबाट हेर्दा ११ तलाको हुने भएपनि भित्रबाट २२ तलाको हुने छ ।

काष्ठमण्डप पुनर्निर्माणको काम पनि द्रुत गतिमा अगाडि बढेको छ । काष्ठमण्डप पुनर्निर्माणको काम ५० प्रतिशतभन्दा बढी सकिएको छ । २०७५ बैशाख १८ गते उपभोक्ता समिति गठन गरी निर्माणको काम शुरु गरिएको थियो । कुल ९९ करोड ८८ लाख रुपैयाँ लागत अनुमान गरिएको काष्ठमण्डप पुनर्निर्माणका लागि १७ हजार क्युफिट काठ लाग्ने अनुमान गरिएको छ । काठमाडौं महानगरपालिकाले पुनर्निर्माणका लागि १० करोड बढी सहयोग गरिसकेको छ ।

# अख्तियारलाई थप अधिकार दिनुपर्छ : अध्यक्ष थापा

**काठमाडौं/मस–** राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री कमल थापाले डेढ वर्षदेखि राप्रपा (संयुक्त) सँगको पार्टी एकताको लागि आफूहरुले हदैसम्मको लचकता प्रदर्शन गरेको भएपनि अन्तिम समयमा पशुपति शमशेर जबरा र डा. प्रकाशचन्द्र लोहनी आफ्नो वचनमा अडिग हुन नसक्दा एकता प्रयास भाँडिएको स्पष्ट पारेका छन् ।

शनिबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको विशेष साक्षात्कारमा उनले भने, ‘एक दिनअघिमात्रै हामी तीन अध्यक्षबीच सहमति भएको थियो, राप्रपालाई ५५ प्रतिशत दिने र राप्रपा संयुक्तलाई ४५ प्रतिशत दिने सहमति भएको थियो, चुनाव चिन्हको बारेमा पनि उपयुक्त समयमा उपयुक्त निर्णय लिने सहमति भएको थियो । यसबारेमा म, पशुपतिजी र लोहनीबीच सहमति भएको थियो ।’ तर, सहमति भएको भोलिपल्टै आएर जबरा र लोहनी सहमतिमा नअडिएको उनको गुनासो छ । उनले भने, ‘उहाँहरु सहमतिमा अडिनुभएन, त्यही भएर करिब करिब एकतामा पुग्ने हाम्रो प्रयास अवरुद्ध भएको छ ।’

राप्रपाको केन्द्रीय कार्यसमिति बैठकले अब पार्टीलाई महाधिवेशनमा होम्याएको पनि उनले जानकारी दिए । उनले भने,



‘हाम्रो अर्जुनदृष्टिमा महाधिवेशनमा अघि बढ्ने निर्णय भएको छ । २०७७ जेठ २५ गतेबाट केन्द्रीय महाधिवेशन काठमाडौंमा सुरु हुन्छ । हामी महाधिवेशनको तयारीमा जुटिसकेका छौं ।’

क्लबका सभापति ऋषि धमलाको सभापतित्वमा आयोजित साक्षात्कारमा उनले महाधिवेशनको प्रक्रिया प्रारम्भ भएकोले अब एकताको प्रश्नै नआउने बताउँदै प्राविधिक रुपमा पनि यो सम्भव नभएको स्पष्ट पारे । उनले भने, ‘भोलि महाधिवेशनपछि एकताबारे जे निर्णय गर्छ, त्यसपछि सोचौंला ।’

अध्यक्ष थापाले पछिल्लो ८/१० वर्षदेखि भ्रष्टाचारको ब्रम्हलुट देखिएको पनि टिप्पणी गरे । उनले भने, ‘ढिलै भएपनि अख्तियार दुरुपयोग अनुशन्धान आयोगले ललिता निवास जग्गा प्रकरणमा केही व्यक्तिहरुमाथि भ्रष्टाचारको मुद्दा दायर गरेको छ । राप्रपा यो कदमलाई सकारात्मक रुपमा लिन्छ र अख्तियारलाई धन्यवाद दिन चाहन्छ ।’

मुद्दा दायर गर्दा राजनीतिक आग्रह र पूर्वाग्रह तथा प्रतिशोध साँधिएको भन्ने कुरा पनि आएको सुनाउँदै थापाले थपे, ‘भ्रष्टाचारको मुद्दामा निर्दोष पर्नुहुँदैन्, अपराधीलाई उन्मुक्ति दिनुहुँदैन र उनीहरुले उन्मुक्ति पाउनुहुँदैन । अहिले यो विषय अदालतसम्म पुगेको छ । अदालत पनि अहिले अग्निपरीक्षामा छ । उसले निर्दोषलाई सफाई देला र कोही कसैलाई नियतवश उन्मुक्ति दिने प्रयास भएको भए थप छानबिन गरेर दोषीलाई कानूनको कठघरामा उभ्याउने आशा छ ।’

उनले अख्तियार दुरुपयोग अनुशन्धान आयोगलाई थप शक्तिशाली र अधिकार दिनुपर्ने माग गरे । उनले भने, ‘आयोगलाई राजनीतिक दबाब र प्रभावबाट मुक्त राख्नुपर्छ । यसले आफ्नो विश्वनियता पनि कायम राख्नुपर्छ । ललिता निवास प्रकरणमा आयोगबाट प्रशंसनीय काम भएको छ ।’ आगामी दिनमा आयोगले एनसेल कर काण्ड, वाईडबडी जहाज खरिद घोटाला काण्ड, सुन तस्करी, बुढीगण्डकी जलविद्युत आयोजना लगायतमा भएका भ्रष्टाचारको अनुशन्धान गरेर अपराधीलाई छिटोभन्दा छिटो कानूनको दायरामा ल्याउनको लागि कदम चाल्नुपर्ने उनको सुझाव छ ।

# ट्रक र बस ठोक्किँदा १९ घाइते

**दमौली/मस–** पृथ्वीराजमार्गअन्तर्गत तनहुँको बन्दीपुर गाउँपालिका-१ रिमाल्नीमा शनिबार भएको सवारी दुर्घटनामा १९ यात्रु घाइते भएका छन् । दमौलीबाट डुम्रेतर्फ जाँदै गरेको ना ७ ख ६२६८ नं को ट्रक र विपरीत दिशाबाट आउँदै गरेको ना ७ ख ४४२४ नं को बस एकआपसमा ठक्कर खाँदा बस चालकसहित १९ यात्रु घाइते भएका हुन् ।

दुर्घटनामा घाइते बस चालक चितवन जिल्ला भरतपुर महानगरपालिका-२७ का ४२ वर्षीय किरण काफ्लेसहित १९ यात्रुको डुम्रेस्थित लक्ष्मी अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक लीलाराज लामिछानेले जानकारी दिए । बस चालक काफ्लेको हात, खुट्टा र गालामा चोट लागेको छ । ट्रक र त्यसका चालक प्रहरीको नियन्त्रणमा छ ।

यसैगरी पृथ्वीराजमार्गअन्तर्गत व्यास नगरपालिका-१२ घाँसीकुवामा गए राति भएको कार दुर्घटनामा छ जना घाइते भएका छन् । कावासोतीबाट पोखरातर्फ आउँदै गरेको बा १३ च ८४८१ नं को कार अनियन्त्रित भई सडकबाट पल्टदा छ जना घाइते भएका हुन् । घाइते सबैको दमौलीस्थित रत्नहरि अस्पतालमा उपचार पश्चात् डिस्चार्ज भएको प्रहरीले जनाएको छ ।

# एक लाख ४४ हजार श्रमिक सामाजिक सुरक्षामा सहभागी




**काठमाडौं/मस–** योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी हुने श्रमिकको संख्या एक लाख ४४ हजार नाघेको छ । शुक्रबारसम्म कुल एक लाख ४४ हजार १४४ श्रमिक योजनामा सहभागी भएको सामाजिक सुरक्षा कोषले जनाएको छ ।

यस्तै कोषमा सूचीकृत हुने रोजगारदाताको संख्या १२ हजार १३५ पुगेको छ । कोषमा सबैभन्दा बढी बागमती प्रदेशका श्रमिक सूचीकृत भएका छन् । सो प्रदेशबाट एक लाख चार हजार ७१२ श्रमिक सूचीकृत भएका कोषले जनाएको छ । यस्तै प्रदेश नं १ बाट २१ हजार ३२१, प्रदेश नं २ बाट आठ हजार ८५३, गण्डकी प्रदेशबाट पाँच हजार २२३, प्रदेश नं ५ बाट तीन हजार ४००, सुदूरपश्चिम प्रदेशबाट ४६६ र कर्णाली प्रदेशबाट १६९ श्रमिक सूचीकृत भएका छन् ।

यस्तै बागमती प्रदेशबाट सबैभन्दा बढी आठ हजार ११६ रोजगारदाता कोषमा आबद्ध भएका छन् । यसैगरी प्रदेश नं १ बाट एक हजार ८६०, प्रदेश नं ५ बाट ८७०, गण्डकी प्रदेशबाट ५५६, प्रदेश नं २ बाट ४८२, सुदूरपश्चिमबाट १३० र कर्णाली प्रदेशबाट १२१ रोजगारदाता कोषमा सूचीकृत भएका छन् । शुक्रबारसम्म कोषमा रु ५८ करोड २२ लाख ६८ हजार १३१ योगदान रकम संकलन भइसकेको छ । कोषबाट छ श्रमिकका आश्रित परिवारले आर्थिक सहायता लिँदै आएका छन् ।

कोषमा रोजगारदाता र श्रमिकको उल्लेख्य सहभागिता हुन सकेको छैन । विभिन्न नीतिगत जटिलता रहेको भन्दै रोजगारदाता कोषमा सहभागी हुन आलटाल गर्दै आएका छन् । केन्द्रीय तथ्यांक विभागले गरेको प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजाअनुसार नेपालमा सञ्चालित प्रतिष्ठानको संख्या नौ लाख २२ हजार ४४५ छ । यस्तै ती प्रतिष्ठानमा ३४ लाख आठ हजार ७४६ जनशक्ति सक्रियरूपमा लागेका छन् ।

सरकारले बढीभन्दा बढी रोजगारदाता र श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन रणनीतिक सञ्चारसहित औद्योगिक कोरिडोरमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने घोषणा गरे पनि त्यसले मूर्तरुप लिन सकेको छैन । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादवले तीन महिनाभित्र थप एक लाख श्रमिकलाई कोषमा सूचीकृत गराउने योजना सार्वजनिक गरेका छन् । कोषले औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्ततता सुरक्षा, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गर्दै आएको छ ।

# सरकार राजनैतिक रुपमा पूर्वाग्रही भयो : नेता सिंह

**चितवन/मस-** नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले सरकार राजनैतिक रुपमा पूर्वाग्रही भएको आरोप लगाएका छन् । शनिबार चितवनमा पत्रकारसँग कुराकानी गर्दै उनले सरकारले ललिता निवासको जग्गा प्रकरणमा तत्कालीन प्रधानमन्त्री र जग्गाधनी पूर्जा भएका व्यक्तिलाई उन्मुक्ति दिएर फाईल अगाडि बढाउनेलाई मुद्दा दायर गरेको बताए ।



उनले भने, ‘मन्त्रिपरिषद्को सर्वोच्च कमान्डर प्रधानमन्त्री हुन्छ, त्यहाँबाट हुने कुनै पनि निर्णयमा प्रधानमन्त्रीको भूमिका महत्वपूर्ण हुने भएकाले यसमा तत्कालीन प्रधानमन्त्रीलाई जोगाउन खोजिएको छ ।’

उनले थपे, ‘अख्तियार दुरुपयोग अनुसन्धान आयोग सरकारबाट प्रभावित भयो र जग्गा हुनेलाई कारवाही गर्न डरायो, तत्कालीन मन्त्री मात्रै होइन, प्रधानमन्त्री र जग्गाधनी पनि त्यतीकै दोषी छन्, उनीहरुलाई पनि कारवाही हुनुपर्ने माग कांग्रेसको छ ।’

नेता सिंहले यसैका लागि कांग्रेसले संसद् अवरुद्ध गरेको स्पष्ट पार्दै अख्तियारले राजनैतिक आग्रहपूर्वाग्रह विना नै स्वतन्त्र रुपमा छानबिन गर्नुपर्नेमा जोड दिए ।

फरक प्रसंगमा उनले कांग्रेसले १४औं महाधिवेशनका लागि तयारी शुरु गरेको बताए । महाधिबेशनको मिति तय भइसकेको अवस्थामा यसलाई स्वतन्त्र र निष्पक्ष बनाउनका लागि क्रियाशील सदस्यता छानबिनका लागि समिति बनाएर अघि बढेको उनले बताए ।


तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com



होटल तालिम !

मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

Get your skill for your future carrier



✔ HK
Cleaners/House Keeping/ Laundry man, Room boy

✔ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

✔ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

✔ FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाईं सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं ।

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# नजागेको विश्वास

कोरोनाभाइरसको सवैभन्दा बढी प्रकोप फैलिएको चीनको वुहाबे प्रान्तमा रहेका नेपाली मध्ये १८० जनाले स्वदेशमा फर्कन आवेदन दिएका छन् । बेइजिङस्थित नेपाली दूतावासको सूचनाअनुसार, स्वदेश फर्कन त्यहाँ रहेका नेपालीहरूले आवेदन दिएका हुन् । तर, सरकारले अहिलेसम्म उनीहरूलाई स्वदेश ल्याउन सकेको छैन । सरकारका प्रवक्ता गोकुलप्रसाद बाँस्कोटाले चीनमा रहेका नेपालीलाई ल्याउने पहल भइरहेको र यसबारे चिन्ता लिनुपर्ने अवस्था नरहेको बारम्बार बताउँदै आएका छन् ।

तर, सरकारी प्रवक्ताको आश्वासनबाट चीनमा रहेकाहरूका आफन्त आश्वस्त हुन सकेका छैनन् । स्वास्थ्य राज्यमन्त्री नबराज राउतलाई भेटेर चीनमा रहेकाहरूका आफन्तले स्वदेश पर्काउने कार्यलाई तत्काल अगाडि बढाउन आग्रह गरेका छन् । कोरोनाभाइरसबाट नेपालीलाई जोगाउन पहल भइरहेको भनिएका अनेक समाचार आइरहे पनि चीनमै रहेका नेपालीका आफन्तहरूबाट अनुनयको समाचार आउनु बढी गम्भीरको विषय हो । किनभने, सरकारले जति पहलकदमी भइरहेको अभिव्यक्ति दिए पनि प्रकोपस्थलमै रहेका नेपाली चाहेर पनि स्वदेश फर्कन नपाउनु अत्यन्तै दुखद् विषय हो ।

विश्व स्वास्थ्य संकटकाल घोषणा गरिएको कोरोनाभाइरसबाट ७२२ र संक्रमित संख्या ३४ हजार ५४६ पुगिसकेको छ । हङकङमा एक जना र फिलिन्समा एक जना बाहेक मृतक सवै चिनियाँ भूमिमै रहेको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले जनाइरहेका छन् । बिहीबार कोरोनाभाइरस पहिचान गर्ने चिकित्सककै निधन भइसकेको छ । यसले कोरोनोभाइरसको प्रकोप कुन तहसम्म फैलिइसकेको छ भन्ने प्रष्ट हुन्छ । चिनियाँ राष्ट्रपति सी चिनफिङले कोरोनाभाइरस विरूद्ध जनयुद्धकै घोषणा गरेका छन् ।

लामो समयदेखि चीनको आन्तरिक तथा बाह्य सम्पर्क बिच्छेद गरिएको छ । हवाई सेवा, यातायात र रेलमार्ग रोकिएका छन् । एक प्रकारले चिनियाँ भूमि आफैंमा संकटग्रस्त बनेको छ । तर, यस्तो बेला चीनमा रहेका नेपाली र तिनका आफन्तको रूवाबासी चलिरहदा सरकारले सधैं पहल भइरहेको मात्रै बताएर पुग्दैन । तत्काल ठोस् प्रगति देखिनेगरी सरकारले काम नगर्ने हो भने आम नेपाली जनतामा सरकारप्रति भरोसा भत्कन सक्छ । यसले निम्त्याउने संकट भने कोरोना भाइरस भन्दा डरलाग्दो हुनेछ । किनभने, चिनियाँ कम्युनिष्ट पार्टीको झण्डामुनि रहेको चीनले समेत नियन्त्रण गर्न नसकेको प्रकोप रोक्ने सामर्थ्य नेपालसँग नरहन सक्छ । त्यसैले आम जनताको विश्वास जित्नका लागि पहिले चीनमा रहेका नेपालीलाई स्वदेश फर्काउने कार्यमा किञ्चित विलम्ब गरिनु हुन्न ।

## सामाजिक सञ्जाल



पहिला पक्राउ गरेर हिरासतमा कोच्ने अनि मुद्दा प्रकियामा जानु पर्ने होइन र? १७५ हाइप्रोफाइल भ्रष्टहरू खुलेआम घुमिरहेका छ्न त ।

- समबहादुर थापा



चीनमा रहेका नेपालीलाई तत्काल उद्दार गर्नुपर्छ, यो सरकारको दायित्व हो । उनीहरू संक्रमित नै नभए पनि यहाँ ल्याएर निश्चित समय क्षकयबितष्यल मा कहाँ राख्ने भन्ने सरकारले निर्णय गर्ने कुरा हो । हाम्रो चासो भनेको सरकारको सानो गल्तीले भोलि नेपालमा पनि महामारी नफैलियोस् भन्नेमात्र हो ।

– आनन्दराज बतास



कानून बमोजिम आफू वा अरू कुनै व्यक्तिलाई गैरकानुनी लाभ पुऱ्याउने वा, नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानुनी हानी पुऱ्याउने काम भ्रस्टाचार हुन्छ । भ्रस्टाचार गर्नेले आफैंले कमाउनु जरूरी हुन्न राष्ट्रले गुमाउनु पर्याप्त हुन्छ ।

– राम एस गोस्वामी



राजा हुन् वा रंक बाबु आमाले छोरीलाई दिएको दाइजो खोसेर लोकतन्त्र बलियो हुंदैन । प्रतिशोधले पतन तर्फ डोराउँछ । छोरीको अधिकार खोसिँदा अधिकारकर्मीहरूको मौनता पनि उदेकलाग्दो छ ।

– कमल थापा

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# लोकतन्त्रमाथि चुनौती र काँग्रेसको भूमिका



■ मेखराज परियार

> २००७ सालको प्रजातन्त्र प्राप्तिपछि, लामो समय कांग्रेसले मुलुकको शासन चलायो । पछिल्लो पटक मुलुकमा चलाइएको सशस्त्र द्वन्द्वको शान्तिपूर्ण समाधान गरेको जस लिने गरेको कांग्रेसले हत्या, हिंसाको राजनीति सुरू हुनाको अपजस समेत लिनुपर्छ ।

वि.सं.२०१६ साल फागुन २७ गते प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले चीनको औपचारिक भ्रमण गरेका थिए । उनको साथमा थिए कानुन तथा गृहमन्त्री सूर्यप्रसाद उपाध्याय र निर्माण, सञ्चार तथा नहरमन्त्री गणेशमान सिंहसहितको प्रतिनिधिमण्डल। सोही भ्रमणको क्रममा बीपीले चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओत्सेतुङ र प्रधानमन्त्री चाउएनलाइसँग सगरमाथा नेपालको भएको दाबी गरे । नेता माओत्सेतुङको प्रस्ताव थियो, 'सगरमाथालाई दुवै देशले मितेरी पिक या मितेरी शिखर जस्तो मानौं ।' तथापि बीपीले उक्त प्रस्ताव स्वीकार गरेनन् र सगरमाथा नेपालकै बनाउन सफल भए ।

राजा महेन्द्रले आफ्नो नाम राखेर २०१८ सालमा नवलपरासीको गैंडाकोटबाट नेपालको पूर्व-पश्चिम जोड्ने 'महेन्द्र राजमार्ग' शिलान्यास गरे । त्यसपछि २०२२ सालमा सोही स्थान गैंडाकोटबाटै उनले महेन्द्र राजमार्गको उद्घाटनसमेत गरे । उक्त राजमार्ग निर्माण निम्ति बीपीले नै चुरेभन्दा दक्षिणबाट पर्ने गरी पहिल्यै रुसी संस्थामार्फत सर्भे गराएका थिए । अमेरिकाको सहयोगमा 'रिजनल ट्रान्सपोर्ट कोअपरेसन (आरटीओ)' स्थापना गरी बीपीले धुलिखेल हुँदै सिन्धुली जाने (हाल बीपी मार्ग नामांकित) बाटो, धनकुटा जोड्ने र कैलालीदेखि डोटीसम्म पुग्ने बाटो सर्भे गराएका थिए ।

त्यस्तै बाटो निर्माणकै लागि नेपालको ५१ प्रतिशत र इजरायलको ४९ प्रतिशत सेयर रहने गरी कन्स्ट्रक्सन कम्पनी निर्माण गरिएको थियो । ज्ञातव्य छ पछि त्यसैको विकसित रूप 'नेसनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड (एनसीसीएन)' गठन गरिएको हो । जो नेपाल सरकारको एक मात्र निर्माण कम्पनी थियो, तर पछि विघटन गरियो । बीपीलाई राजा महेन्द्रले कू गरी सत्ताबाट हटाएपछि अमेरिका, बेलायत र इजरायललगायत देश नेपालको विकास निर्माणकार्यबाट हात झिके र आफ्नै देश फर्किए ।

२०१६ माघमा प्रधानमन्त्री बीपी कोइरालाले भारतको पनि भ्रमण गरे। भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूले भारतको संसद्मा बोल्ने क्रममा पहिले नै भनेका थिए, 'उत्तरी मुलुकहरू नेपाल, भुटान र सिक्किम (अहिले भारतकै एक राज्य) मा कुनै किसिमको असुरक्षा भयो भने हामी (भारत) त्यसको निम्ति प्रतिरक्षा गर्छौं ।' बीपीले यस भनाइको प्रतिवाद गर्दै भनेका थिए, 'नेपालमा त्यस्तो कुनै असुरक्षा छैन र नेपाल आफ्नो सुरक्षाको व्यवस्था आफैं गर्न सक्छ।' बीपीको यस्तो भनाइ आएपछि नेहरूले बीपीको कुराप्रति समर्थन गरे र भारतको संसद्मै माफी पनि मागे ।

स्थापनाकालदेखि नेपाली कांग्रेसले राष्ट्रियता, सामाजिक लोकतन्त्र, स्वतन्त्र न्यायालय, वाक् तथा प्रेस स्वतन्त्रता र विधिको शासनको निम्ति एक स्थायी शक्तिको रूपमा भूमिका खेल्दै आएको हो । कांग्रेसले बीपी, सुवर्णशमशेर राणा, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला जस्ता नेता र नेतृत्वमा लोकतन्त्र र नागरिक स्वतन्त्रताका निम्ति अडिग रहेर आजको नेपाल निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हो । तात्कालीन नेपालमा राणा शाही जहाँनिया शासन, राजाको प्रत्यक्ष शासन पञ्चायत र दरबारीया नक्कली कम्युनिस्टको षड्यन्त्रबाट राष्ट्रलाई जोगाउँदै प्रजातन्त्र (लोकतन्त्र), विधिको शासन, स्वतन्त्रता र नागरिक हकको मुद्दा स्थापित गराउनु सहज र कम चुनौतीपूर्ण राजनीतिक अवस्था थिएन ।

आजको कांग्रेस, यसको नेतृत्व, नीति, गन्तव्य र उद्देश्य तथा यसले जोगाउन सक्ने लोकतान्त्रिक समाजवादको भविष्यप्रति शंका जागेर आउँछ । आफैं कमजोर, किंकर्तव्यविमूढ, असफल र अकर्मण्य, दिशाविहीन कांग्रेस नेतृत्वले वामपन्थी एवं गैरलोकतान्त्रिक शक्तिको बिगबिगी रहेको अवस्थामा मुलुकको लोकतान्त्रिक भविष्य नै अन्धकार र अन्योलमा पुऱ्याएको छ ।

यस्तो स्थितिमा कांग्रेसको आन्तरिक र बाह्य शक्ति सन्तुलन तथा राष्ट्रको लोकतन्त्र र संवैधानिक सर्वोच्चताको निम्ति के विगतको जस्तै जिम्मेवार एवं अभिभावकीय जिम्मेवारी र भूमिका निर्वाह गर्न सम्भव होला ? के आजको कांग्रेस मुलुकमा आउँदै गरेको लोकतान्त्रिक समाजवाद, संविधानवाद र विधिको शासनमाथि भइरहेका षड्यन्त्रको सामना गर्न र भावी सन्ततिलाई समृद्ध, शान्त, न्याय, समानता, समावेशी र लोकतन्त्रवादी नेपाल सुम्पिन तयार र सक्षम छ ? जवाफ शेरबहादुर देउवा मात्रै होइन, कृष्णप्रसाद सिटौला, शशांक-शेखर कोइराला, विश्वप्रकाश र गगनहरूले दिन तयार हुनैपर्छ । त्यसैमा मात्रै कांग्रेसको जीवन, भविष्य र मुलुकको दिशा निर्धारण हुनेछ ।

**लोकतन्त्रका चुनौती**

एक जमाना यस्तो थियो– लोकतन्त्र कांग्रेसले बचाउँछ भनिन्थ्यो। अर्थात् विगतमा पनि लोकतन्त्रमाथि खतरा नभएको होइन । विभिन्न अवसरवादी, राजावादी, निरंकुशतावादी र नक्कली कम्युनिस्ट जस्ता तत्व लोकतन्त्र, बहुदलीय व्यवस्था, स्वतन्त्र न्यायालय र वाक् स्वतन्त्रता, नागरिक हकको विरुद्धमा तानाशाही निरंकुशता लाद्न कस्सिएकै थिए । तर कांग्रेसले ती अलोकतान्त्रिक, जनहित विपरीतका शक्तिका विरुद्ध 'जेहाद' छेडेकै हो । आज आएर लोकतन्त्र कांगेसले बचाउने भरोसा होइन, स्वयं कांग्रेस नै कसले बचाउला भन्ने चिन्ता जागेको छ । गैर-कांग्रेसीजनको यो पनि प्रश्न हो-कांग्रेस किन बचाउने ? प्रकारान्तरले यो प्रश्न कांग्रेसीजनकै निम्ति मूल्यवान् बन्दैछ, 'किन बचाउने कांग्रेस ?' फेरि यो पनि कम मूल्यको सवाल होइन, 'कसले बचाउने कांग्रेस ?' बाजे पुस्ताका शेरबहादुर, रामचन्द्रहरूले कि नाति पुस्ताका विश्वप्रकाश र गगनहरूले ?

हो, यी दुई प्रश्न-किन बचाउने कांग्रेस र कसले बचाउने कांग्रेस ?' नै कांग्रेसी र गैर-कांग्रेसी (लोकतन्त्रवादी) हरूको महत्वपूर्ण प्रश्न हो । के कांग्रेस बाँचे मात्रै लोकतन्त्र दीर्घकालीन बन्छ ? कांग्रेस बिना लोकतन्त्र बाँच्दैन ? त्यो कसरी ? जवाफ कांग्रेसले दिनुपर्छ । नेपालमा कांग्रेस बिना लोकतन्त्र जीवित रहन्छ भने कांग्रेस बचाइरहनु नै किन पऱ्यो ? तथापि अब कांग्रेसले मात्रै लोकतन्त्र बचाउन सक्ला ? कांग्रेस एक्लै सम्भव छैन, बरु उसको नेतृत्वमा अन्य लोकतन्त्रवादीको बलियो गठबन्धन बनाउन सके मात्रै लोकतन्त्रका निम्ति केही गर्न सम्भव छ । त्यतिमात्रै होइन, संघीय लोकतान्त्रिक गणतन्त्र, समानता, न्याय, विधिको शासनको लागि लोकतान्त्रिक राजनीतिक दलको सधैं खाँचो रहन्छ । कम्युनिस्टहरूको त उद्देश्य र गन्तव्य नै लोकतन्त्र हुन सक्दैन ।

**कांग्रेसका चुनौती**

बजारमा चर्चा छ, कांग्रेसको चुनौती दुई कम्युनिस्ट पार्टी तत्कालीन एमाले र माओवादी केन्द्रबीचको एकता हो । कांग्रेसले चुनाव हार्नुको कारण पनि यसैलाई बनाइएको थियो । चुनावको समीक्षा यसैगरी गऱ्यो कांग्रेसले । तर त्यो अर्ध सत्य कारण मात्रै हो । कांग्रेस नेतृत्वले मुख्य दुइटा कमजोरी गर्दै आयो र अझै पनि गर्दै छ । गैरजिम्मेवार नेतृत्व र दुई-एजेण्डाविहीन कांग्रेस। कांग्रेस पराजयको मूल कारण कम्युनिस्ट पार्टीहरूको एकता नभई आन्तरिक द्वन्द्व र अन्तरघात नै हो । नेपाली कांग्रेसको राजनीतिक स्थान केन्द्रदेखि बायाँ (सेन्टर टु लेफ्ट) र आदर्श सामाजिक लोकतन्त्र हो । यस दलको अन्तर्राष्ट्रिय संलग्नता 'सोसियालिस्ट इन्टरनेसनल' सँग रहेको छ । हाल २७५ जनाको संघीय प्रतिनिधिसभा (प्रत्यक्ष निर्वाचित र समानुपातिक गरी) मा कांग्रेसको जम्मा ६३ जना मात्रै सदस्य छन् ।

कुल सदस्य संख्याको एकतिहाइ भन्दा कम संख्या रहेकाले कांग्रेस वर्तमान संसद्मा संख्यात्मक हिसाबले कमजोर छ । किनभने कांग्रेसबाहेक अन्य दलको दुई तिहाइ हुँदा उसको असहमति या अनुपस्थितिमा पनि दुईतिहाइ बहुमतले संविधानको संशोधन गर्न सम्भव हुनु कांग्रेसको निम्ति दुर्भाग्य हो । अझ ठूलो विडम्बना त कांग्रेसभित्रको असहमति, किचलो, द्वन्द्व, असफल नेतृत्व र नीति एवं दिशाहीन नेतृत्व नै हो ।

२००७ सालको प्रजातन्त्र प्राप्तिपछि, लामो समय कांग्रेसले मुलुकको शासन चलायो । पछिल्लो पटक मुलुकमा चलाइएको सशस्त्र द्वन्द्वको शान्तिपूर्ण समाधान गरेको जस लिने गरेको कांग्रेसले हत्या, हिंसाको राजनीति सुरु हुनाको अपजस समेत लिनुपर्छ । कांग्रेसले जिम्मेवार लोकतन्त्रवादी दलको हैसियतमा सुशासन, भ्रष्टाचारमुक्त, विधिको शासन र समानता तथा समावेशीकरणको कार्यान्वयन गरेको भए ०५२ सालमै माओवादी जंगल पस्ने थिए त ? अथवा माओवादी विद्रोहले छोटो समयमा नै अनपेक्षित सफलता हात पार्न सक्थ्यो होला र ? सम्भवतः कांग्रेसले यस सवालको जिम्मेवारी कहिल्यै लिएन । यस सम्बन्धमा गम्भीर आत्मसमीक्षा गर्न जरुरी थियो ।

कांग्रेस सरकारले महत्वपूर्ण काम पनि गरेको छ। स्वतन्त्र र निष्पक्ष न्यायालयको विकास, प्रशासनिक सुधार, आर्थिक सुधार, विर्ता उन्मूलन ऐनको व्यवस्था, सम्पत्ति करको व्यवस्था, मुद्रा प्रचलनमा एकरूपता, औद्योगिक विकास संघको स्थापना, राष्ट्रिय योजना समितिको समितिको निर्माण, सहकारी संस्थाहरूको गठन, नेपाल एयरलाइन्स कर्पोरेसनको राष्ट्रियकरण, देशभरी स्कुलहरूको स्थापना, बालाजु औद्योगिक क्षेत्र,जनकपुर चुरोट, चिनी उद्योग आदिको स्थापना इत्यादि कार्य गरे । कांग्रेस र उसको सरकारले विशेषतः नीतिगत तहमा व्यवस्था गर्ने कार्यमा जोड दिएको देखिन्छ ।

कांग्रेसले विगतका सुन्दर काम र युगको स्वेरकल्पनामा रमाएर मात्रै अब पुग्दैन । बीपी र गणेशमानका महान कार्य र योगदानको धुनी जगाएरै फेरि आफ्नो पार्टी अब्बल देखिने सपना नदेख्नुमा नै कांग्रेसको भलाइ छ । नेकपा सरकारको असफलतामा आफू नै निर्विकल्प रहेको र केही नगरी पुनः ठूलो दल बन्ने सपना अब नदेख्दा हुन्छ । सामाजिक लोकतन्त्रको सिद्धान्तमा रही समावेशी, सक्षम, युवा र सामूहिक नेतृत्वको विकास गर्न सके मात्रै कांग्रेसको भविष्य सुरक्षित हुनेछ ।

# गरिबी निवारणका उपाय



सुदर्शन अधिकारी

सामान्य गाँस, बास र कपास पनि नभएको अवस्थालाई गरिबी भनिन्छ। नेपालमा गरिबी निवारणका लागि लामोदेखि योजनाबद्ध विकासका प्रयासहरू नभएका भने होइनन् । विभिन्न दातृ राष्ट्रहरूले गरिबी निवारणकै लागि बर्सेनि करोडौं रकम सहयोग तथा अनुदान दिने गरेका पनि छन् । समग्र विकासमा गरिबीले अवरोध सिर्जना गर्ने भएकाले राष्ट्रको विकासमा प्रत्यक्ष गरिबी निवारण गर्नुपर्ने हुन्छ । पछिल्लो तथ्याङ्कअनुसार ६५ प्रतिशत जनसंख्या कृषिमा निर्भर रहेको देखिन्छ । तर, कृषिमा व्यावसायिकता नहुँदा प्राविधिक शिक्षा उन्नत बीउ तथा मल सिँचाइ बजारको अभाव भण्डारणको अभावलगायतका विविध समस्याका कारण कृषिबाट पनि अपेक्षित लाभ लिन सकेका छैनौं ।

हाम्रो विद्यमान गरिबीको अवस्था चुनौतीपूर्ण समस्याका रूपमा रहेको छ । नेपालमा विद्यमान थुप्रै आर्थिक सामाजिक तथा राजनीतिक समस्याहरूको समाधानका लागि गरिबीको अवस्थामा कमी ल्याउनु आवश्यक छ । गरिबीको आवश्यकतालाई ध्यानमा राखेर नवीन कार्यक्रमहरू सञ्चालनमा ल्याए पनि जुन लक्ष्यअनुरूप गरिबीको संख्या घट्नुपर्ने हो, त्यो भने हुन सकेको छैन । गरिबी घटाउन विविध उपायहरूको अवलम्बन गर्नुपर्ने हुन्छ ।

पुंजी निर्माण उद्योगधन्दाको विकास तथा विस्तार गर्न, प्राकृतिक साधनहरूको उपयोग गर्न प्रशस्त मात्रामा पुंजीको आवश्यकता पर्छ । नेपालमा पुंजीको अभावले यस्ता क्षेत्रको पर्याप्त विकास हुन नसकी बेरोजगारीको मात्रा बढेर गएको छ । यस्तो अवस्थामा स्वाभाविक रूपमा गरिबी बढेर जान्छ । गरिबी बढ्न नदिन तथा विद्यमान गरिबी घटाउन पुंजीको मात्रा बढाउने प्रयत्न प्रभावकारी रूपले गर्नुपर्ने देखिन्छ । पुंजी निर्माणको माध्यमबाट रोजगारीका अवसरहरूमा वृद्धि गरी रोजगारी तथा आम्दानी बढाएर गरिबी न्यून गर्न सकिन्छ ।

**प्राकृतिक साधनको उपयोग**

नेपालमा जलसम्पदा तथा खनिज सम्पदा प्रशस्त मात्रामा भए पनि त्यसको समुचित उपयोग हुन सकिरहेको छैन । यिनीहरूको सही उपयोग हुन सकेको खण्डमा रोजगारीका अवसरहरू वृद्धि गर्न सकिन्छ । मानिसहरूले रोजगारी प्राप्त गर्नुको अर्थ आम्दानी वृद्धि हुनु हो र आम्दानी बढेपछि स्वाभाविक रूपमा गरिबीको अवस्थामा कमी आउँछ ।

**यातायातका साधनको विकास तथा विस्तार**

गरिबी निवारणका लागि देशको कुना-कन्दरासम्म यातायातका साधनहरूको विस्तार गर्नु आवश्यक हुन्छ। यस्ता साधनहरू पुऱ्याउन सकेको खण्डमा किसानका सानातिना उत्पादन पनि बजारसम्म पुऱ्याउन सहज हुन्छ। सामान्य उत्पादनले पनि आम्दानी बढाउने अवसर प्रदान गर्छ। यसबाट क्रयशक्ति वृद्धि भई बढीभन्दा बढी वस्तुको उपयोग गर्ने क्षमता बढ्छ, साथै अवस्थामा पनि क्रमशः कमी आउँछ ।

**सम्पत्तिको वितरण समानता**

मानिसको जीवन निर्वाहको आधार धन सम्पत्ति हो । यसको समान वितरण भएमा उनीहरूको आर्थिक जनजीवन समान रहन्छ । तर, हाम्रो देशमा सम्पत्तिको असमान वितरणका कारण गरिबीको समस्या सिर्जना भएको छ । ग्रामीण जनताको मुख्य सम्पत्ति खेती हो । तर, धेरै मानिसको स्वामित्वमा थोरै जमिन र थोरै मानिसको स्वामित्वमा धेरै जमिन रहने स्थिति विद्यमान रहेको छ । यसले उनीहरूको आम्दानी बचत तथा उपभोगमा असमानताको अवस्था सिर्जना गरेको छ । विभिन्न नीतिगत व्यवस्थाको माध्यमबाट यस्ता सम्पत्तिको वितरण तथा उपभोगमा समानता ल्याउन सकेको खण्डमा धनी र गरिबबीचको अन्तराल कम हुँदै जान्छ ।

**जनसंख्या नियन्त्रण**

विभिन्न प्रयत्न गरिँदागरिँदै पनि नेपालमा तीव्र रूपले जनसंख्या बढिरहेको छ । जनसंख्या वृद्धिदरका हिसाबले रोजगारीका अवसरहरू बढाउन नसकिने हुनाले बेरोजगारीको मात्रा क्रमशः वृद्धि भइरहेको छ । कृषिबाहेक अन्य क्षेत्रमा जनशक्ति खपत गर्न नसकिएकाले कृषिमा लुप्त बेरोजगारीको मात्रा पनि बढिरहेको छ । यसले झन् समस्या सिर्जना गर्ने हुँदा जनसंख्यालाई नियन्त्रण गर्ने उपायहरू अवलम्बन गर्नुपर्ने हुन्छ । जनचेतना परिवार नियोजन सेवाको विस्तार तथा अन्य विविध उपायहरू अवलम्बन गर्नुपर्ने हुन्छ । जनचेतना परिवार नियोजन सेवाको विस्तार तथा अन्य विविध उपायहरू अवलम्बन गर्दै जनसंख्याको आकारलाई घटाउँदै गरिबी कम गर्न सकिन्छ ।

**कृषिको आधुनिकीकरण**

गरिबी निवारणका लागि कृषि व्यवसायको आधुनिकीकरण आवश्यक छ। सिँचाइ मल औजार उन्नत बीउबिजन आदिको समायोजित व्यवस्था गर्न सकेको खण्डमा उत्पादकत्व बढ्नुका साथसाथै सबै मौसममा रोजगारीका अवसरहरू उपलब्ध हुन सक्छन् । यसले गर्दा उपभोग्य वस्तुको पर्याप्त उत्पादन आम्दानीमा वृद्धिजस्ता सकारात्मक पक्षको विकास भई गरिबी निवारणमा सहयोग पुग्छ ।

**उद्योगको स्थापना**

बेरोजगारी हटाई आम्दानी वृद्धि गराउने अर्को महत्वपूर्ण क्षेत्र भनेको उद्योग कलकारखाना हो, जहाँ ठूलो संख्यामा कामदारहरूको श्रम गर्दै आय आर्जन गर्छन्, जसबाट श्रमिकको आर्थिक अवस्था वृद्धि भई गरिबीलाई घटाउन सकिन्छ । त्यसैगरी उद्योगबाट उत्पादित वस्तुले राष्ट्रिय आम्दानीमा समेत सकारात्मक अभाव पर्न जान्छ ।

**अनुकूल सामाजिक वातावरण**

आर्थिक तथा सामाजिक क्रियाकलापमा नियमितता ल्याउन मानिसहरूलाई आर्थिक रूपमा बढी मात्रामा सक्रिय बनाउन जनशक्तिको गतिशीलता बढाउन, सीप तथा दक्षताको राम्ररी सदुपयोग गराउन शान्तिपूर्ण तथा प्रेरणाप्रद वातावरणको आवश्यकता पर्छ । नेपालमा अशिक्षा, जातपात, छुवाछूत, धार्मिक भावनाजस्ता कुराले गर्दा पेसागत गतिशीलता दक्षता उदारीकरण तालिमको व्यवस्था सामाजिक स्थायित्व आदिको आवश्यकता पर्छ। यी सबै विषयको व्यवस्था गरेर आर्थिक क्रियाकलापलाई गतिशीलता दिन सकेको खण्डमा गरिबी निवारणमा महत्वपूर्ण सहयोग पुग्छ । गरिबी वास्तवमा जटिल समस्या हो । यसका कारणहरू आर्थिक, सामाजिक, राजनीतिक विविध किसिमका समस्या सिर्जना गर्न सक्छन् ।

गरिबीलाई हटाउन वर्तमान समयमा थुप्रै प्रभावकारी र परिणाममुखी कार्यक्रमहरू लागू गर्दै उपलब्धि हासिल गर्नुपर्ने खाँचो देखिन्छ । प्रत्येक वर्ष वार्षिक बजेट विनियोजन गर्दा पनि गरिबी निवारणका लागि बजेट विनियोजन गरी विविध कार्यक्रमसमेत सञ्चालन गरिन्छ । तर, त्यस्ता कार्यक्रम किन प्रभावकारी भएन ? किन परिणाम अपेक्षित बनाउन सकिएन ? कहाँ र कुन कमजोरी हुन पुग्यो ? जस्ता प्रश्नहरूको जवाफ खोजेर हाम्रो गरिबीको संख्यालाई क्रमशः घटाउँदै जानुपर्छ। गरिबी न्यून गर्नका लागि पनि देशमा सुशासन र भ्रष्टाचारमुक्त कर्मचारीतन्त्र अनि स्थिर सरकार जसले प्रतिबद्धताका साथ कार्य गर्न सकोस्, त्यस्तो अवस्थाको सिर्जना गर्नु आजको महत्वपूर्ण आवश्यकता हो ।

सानो-सानो समूह निर्माण गरी उद्यमशीलता वृद्धि गराउने तर्फ राज्यले थप गम्भीरता देखाउनुपर्ने हुन्छ । सामूहिक रूपले व्यावसायिक कृषि कार्य गर्नका लागि सहज ढंगले ऋण उपलब्ध गराउन सकेमा युवावर्ग आफ्नै देशमा स्वरोजगारी बनेर थप आय आम्दानी गर्दै गरिबी कम गर्ने कार्यमा केही मात्रामा भए पनि योगदान पुऱ्याउने वास्तविकतालाई भुल्नु हुँदैन ।

# कोरोनाका कारण विश्वभर ७२२ जनाको मृत्यु

**बेइजिङ/एजेन्सी-** चीनबाट शुरु भई विश्वका विभिन्न देशमा फैलिएको कोरोना भाइरसका कारण मृत्यु हुनेको संख्या शनिबारसम्म ७२२ पुगेको छ । मृत्यु हुनेमध्ये दुईजना विदेशी पनि रहेको चिनियाँ अधिकारीहरुले जानकारी दिएका छन् । उनीहरुले ६० वर्षीय एक अमेरिकी नागरिकको वुहानमा बिहीबार मृत्यु भएको जानकारी दिए पनि अन्य विवरण भने दिएका छैनन् ।

त्यसैगरी अर्का एकजना ६० वर्षीय नै जापानीको पनि कोरोना भाइरसकै कारण वुहानमै मृत्यु भएको छ । जापानको विदेश मन्त्रालयले घटनाको पुष्टि गरेको समाचारमा जनाइएको छ । सरकारी अधिकारीहरुका अनुसार थप झण्डै तीन हजार पाँच सय जनामा यस भाइरसको संक्रमण देखिएको छ ।



कोरोनाका कारण चीनबाहिर भने अहिलेसम्म हङकङ र फिलिपिन्समा दुई व्यक्तिको मृत्यु भएको छ । उनीहरु दुवै जना चिनियाँ नागरिक नै हुन् । डिसेम्बरको अन्त्यमा चिनियाँ बजार वुहानमा पहिलोपटक देखापरेको नयाँ कोरोना भाइरसको संक्रमण विश्वभर फैलिएको छ । विश्वका झण्डै ३० देशमा यो भाइरसबाट ग्रसित व्यक्ति फैलिएको छ भने तीन देशमा कूल ३२० जना कोरोना भाइरसबाट संक्रमित भएका छन् ।

कोरोना भाइरसबाट अतिप्रभावित क्षेत्र मानिने वुहानमा सरकारले शुक्रबार ११ हजार स्वास्थ्यकर्मी थप गरेको छ । देशका अति राम्रा मानिएका आइसियु स्टाफसहितका स्वास्थ्यकर्मीको टोली वुहानमा पठाइएको अधिकारीहरुले जानकारी दिएका छन् ।

उनीहरुमध्ये तीन हजारजना सघन उपचारकक्षमा काम गर्ने चिकित्सक र नर्स रहेको चीनको राष्ट्रिय स्वास्थ्य आयोगका गुओ यानहोङले शुक्रबार बताए । अहिले भइरहेका स्वास्थ्यकर्मीले लामो समयसम्म काम गर्दा उनीहरुलाई शारीरिक तथा मानसिक थकान हुने उनको भनाइ छ ।

वुहानमा घरघरमा पुगेर जाँच

वुहानमा गम्भीर रुप लिएको कोरोनाभाइरस संक्रमणसँग लड्नको लागि प्रशासनले आक्रमक शैली अपनाएको छ । वुहान प्रहरी अहिले घरमा छापा मार्ने शैलीमा कोरोनाभाइरस संक्रमित पहिचान गर्नको लागि घर घरमा पुगेर जाँच गरिरहेको छ । सरकारले प्रहरीलाई कोरोनाभाइरस संक्रमितलाई क्वारेन्टाइनमा राख्नको आदेश दिएको छ । तर यी सम्पूर्ण प्रयासका बावजुद पछिल्लो चार दिनमा संक्रमितको संख्या बढेर दुई गुणा भएको छ ।

चीनबाट आउनेलाई २ हप्ता क्वारेन्टाइनमा राखिने

हङकङले आफ्नो मुलुकमा कोरोना फैलिन नदिन सक्दो प्रयास गरिरहेको छ । त्यसका लागि हङकङले चीनबाट आउने हरेक व्यक्तिलाई निगरानी गर्न थालेको छ । चीनबाट आउने हरेक व्यक्तिलाई दुई हप्तासम्म निगरानीमा राख्ने हङकङले जनाएको छ ।

चीनबाट आएकाहरु कि होटलको कोठामा दुई हप्तासम्म एक्लै बस्नुपर्छ वा सरकारले बनाएको शिविरमा दुई हप्ता निगरानीमा बस्नु पर्ने हङकङले नियम ल्याएको छ । नयाँ नियम तोडेको पाइएमा ती व्यक्तिलाई जरिवाना तिराइने र जेल सजायको व्यवस्था गरिएको छ । चीनबाट हजारौँको संख्यामा मानिसहरु हङकङ प्रवेश गर्ने गर्छन् ।

# महाअभियोगमा आफुविरुद्ध बयान दिनेलाई ट्रम्पले गरे बर्खास्त

**वाशिङटन/एजेन्सी-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूमाथि लागेको महाअभियोगमा आफ्नोविरुद्ध बयान दिएका दुई उच्च अधिकारीलाई बर्खास्त गरेका छन् । अमेरिकी तल्लो सदनमा भएको ट्रम्पमाथि महाअभियोग लगाउने सम्बन्धी अनुसन्धानको क्रममा सुनुवाईमा उपस्थित भएका उच्च अधिकारीलाई ट्रम्पले बर्खास्त गरेका हुन् ।



तल्लो सदनले महाअभियोग लगाए पनि माथिल्लो सदन सिनेटबाट ट्रम्पले सफाइ पाएका छन् । माथिल्लो सदन सिनेटले गएको बुधबार महाभियोगमा ट्रम्पलाई दोषी ठहर नगर्ने पक्षमा मतदान गरेको हो । त्यसपछि राष्ट्रपति ट्रम्पले आफूविरुद्ध तल्लो सदनमा भएको अनुसन्धानको क्रममा बयान दिएका अधिकारीलाई बर्खास्त गरेका हुन् । ट्रम्पले युरोपियन युनियनका लागि अमेरिकी राजदूत गोर्डन सण्डल्याण्ड र युक्रेनका सम्बन्धमा उच्च अमेरिकी विज्ञ लेफ्टिनेन्ट कर्णेल एलेक्जान्डर भिण्डम्यानलाई बर्खास्त गरेका हुन् ।

भिण्डम्यानलाई बर्खास्त गरेको केही घण्टापछि नै ट्रम्पले तत्काल लागू हुने गरी इयुका लागि अमेरिकी राजदूत सण्डल्याण्डलाई फिर्ता बोलाएका हुन् । सिनेटबाट महाअभियोगमा सफाइ पाएसँगै ट्रम्पले आफूविरुद्ध सुनुवाईमा उपस्थित भएका अधिकारीहरुलाई बर्खास्त गर्ने तयारी गरेको र यसकै प्रक्रिया अन्तर्गत सण्डल्याण्ड र भिण्डम्यानलाई उनले हटाएको बताइएको छ ।

सो घटनापछि भिण्डम्यानका परामर्शदाता डेभिड प्रेसम्यानले भने, 'उनको देश र राष्ट्रपतिको सेवा गरेका भिन्डम्यानलाई ह्वाइट हाउसबाट निकालियो ।' विज्ञप्तिमा भनिएको छ, 'कुनै पनि अमेरिकीको मनमा यी सैन्य अधिकारीको जागिर किन सकियो र यो मुलुकमा ह्वाइट हाउसमा सेवा गर्ने सिपाहीको संख्यामा किन एउटा संख्या कम भयो भन्नेबारे प्रश्न छैन । भिन्डम्यानलाई सत्य बोलेकामा छोड्न भनिएको हो । सत्यप्रति उनको प्रतिबद्धता र सम्मानले शक्तिशालीहरूलाई त्रस्त बनाइदियो । सत्यतामा अडिग हुँदा उनको जागिर र गोप्यता समाप्त भयो ।' 'संसारको सबभन्दा शक्तिशाली मान्छेले बदला लिने निर्णय गर्‍यो ।', विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यता बर्खास्त हुनासाथ राजदूत सण्डल्याण्डका वकिलले एक वक्तव्य जारी गरेका थिए । जसमा भनिएको छ , 'मलाई आफ्नो सेवाबाट फिर्ता बोलाइएको छ । यो पदमा रहेर सेवा गर्ने अवसर दिएकोमा राष्ट्रपति ट्रम्प र विदेशमन्त्री माइक पोम्पियोलाई धन्यवाद दिन चाहन्छु । यो काम मेरो करियरकै प्रमुख चरण रह्यो ।'

बुधबार सिनेटमा भएको ऐतिहासिक मतदानमा सिनेटले अमेरिकाका ४५ औं राष्ट्रपतिलाई बर्खास्त नगर्ने पक्षमा मत दिएको हो । अमेरिकाको इतिहासमा ट्रम्प महाअभियोग लाग्ने तेस्रो राष्ट्रपति हुन् । यस्तै उनी महाअभियोगको सामना गरेर पुनः चुनावमा जाने पहिलो अमेरिकी राष्ट्रपति हुन् । अमेरिकामा आउँदो नोभेम्बरमा राष्ट्रपति चुनाव हुँदैछ । रिपब्लिकनका तर्फबाट ट्रम्प नै उम्मेद्वार बन्दै छन् । डेमोक्र्याटिक पार्टीमा उम्मेद्वार छान्ने प्रक्रिया जारी छ ।

सण्डल्याण्ड र भिण्डम्यानलाई बर्खास्त गरेपछि नर्थ क्यारोलाइनास्थित कार्यकारी भवन छोड्नुअघि राष्ट्रपति ट्रम्पले भने, 'म उनी (भिन्डम्यान)सँग खुशी छैन । म उनीसँग खुशी हुनुपर्छ र ? म खुशी छैन ।' त्यसपछि ट्रम्पले अरू प्रतिक्रिया व्यक्त गरेका छैनन् ।

# तुर्कमेनिस्तानका राष्ट्रपतिद्वारा छोरालाई शक्तिशाली मन्त्रालय

**तुर्कमेनिस्तान/एजेन्सी-** ग्याँसको धनीराष्ट्र तुर्कमेनिस्तानका वर्तमान राष्ट्रपतिले आफ्ना छोरालाई शक्तिशाली मन्त्रालयको जिम्मेवारी दिएका छन् । राष्ट्रपति गुर्बान्गुली बेर्डीमुखामेडोभले आफ्नो छोरालाई उद्योग र निर्माणमन्त्रीका रुपमा नियुक्त गर्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।



तुर्कमेनिस्तानको राज्यद्वारा सञ्चालित सञ्चारमाध्यमले शनिबार दिएको जानकारीअनुसार देशको धेरै रकमका परियोजनाहरुलाई हेर्ने गरी उनले छोरालाई मन्त्री बनाएका हुन् । राज्यले प्रकाशन गर्ने गरेको पत्रिका नेचुरल तुर्कमेनिस्तानले ३८ वर्षीय छोरा सेर्डर बेर्डीमुखामेडोभलाई मन्त्रीका रुपमा नियुक्त गरिएको सम्बन्धी पत्र पनि प्रकाशित गरेको छ ।

उद्योग तथा निर्माणमन्त्रीले हवाई, स्थल र जल यातायातसँगै सञ्चार लगायतको क्षेत्र पनि हेर्ने जनाइएको छ । राष्ट्रपति पुत्र बेर्डीमुखामेडेभलाई राष्ट्रपतिले आफ्को सशक्त उत्तराधिकारीका रुपमा तयार पार्दै लगेका छन् । उनले तुर्कमेनिस्तानमा विपक्षी, स्वतन्त्र संवैधानिक निकाय र प्रेस स्वतन्त्रता नभएको राजनीतिक प्रणाली चलाएका छन् ।

# सैनिक कारवाहीमा १८ लडाकूको मृत्यु

**अफगानिस्तान/एजेन्सी-** अफगानिस्तानको पूर्वी लघमान प्रान्तमा दुई साताको अवधिमा सेनाको कारवाहीमा एकजना तालिबानी कमान्डरसहित कम्तीमा १८ तालिबानी लडाकूको मृत्यु भएको छ । सेनाद्वारा जारी विज्ञप्तिमा तालिबानका स्थानीय कमान्डर मुल्लाह ब्रादारको मृत्यु भएको उल्लेख छ ।

कारवाहीका क्रममा अलिसिङ जिल्लाका तालिबानका छाया गभर्नर क्वारी मेराजुद्दिन समेतका अरू दर्जनौं लडाकू घाइते भएका छन् । उक्त सैनिक कारवाहीमा लडाकू विमानको पनि प्रयोग गरिएको सेनाले जनाएको छ । दर्जनौं गाउँ तालिबानीको कब्जाबाट मुक्त गर्न सफल उक्त सैन्य कारवाहीका क्रममा चारजना सैनिक पनि घाइते भएको सेनाले जनाएको छ । उक्त कारवाही र क्षतिका बारेमा तालिबान समूहले केही बताएको छैन ।

# थाइल्यान्ड गोलीकाण्ड : कम्तीमा १२ जनाको मृत्यु

**बैंकक/एजेन्सी-** थाइल्यान्डमा एक जुनियर सैनिक अधिकृतले सपिङ सेन्टर र बौद्ध बिहारमा अन्धाधुन्ध गोली चलाउँदा कम्तीमा १२ जनाको ज्यान गएको छ ।

अन्तराष्ट्रिय सञ्चारमाध्यमका अनुसार सो घटनामा दर्जनौं घाइते भएका छन् । राजधानी बैंककबाट उत्तर पूर्वमा रहेको 'नखोन रत्चसिमा'मा शनिबार भएको अन्धाधुन्ध गोली प्रहार काण्ड अघि जुनियर सैनिक अधिकृत जक्रफान्थ थोम्माले सैनिक ब्यारेकबाट कमाण्डरलाई घाइते बनाएर बन्दुक र गोलाबारुद लिएर निस्किएको थाइल्यान्डको रक्षा मन्त्रालयले जनाएको छ । थोम्मा फरार रहेको र उनलाई नियन्त्रणमा लिने प्रयास भइरहेको जनाइएको छ ।

# मोदीको सम्बोधनको एक शब्द संसदको रेकर्डबाट हटाइयो



**नयाँ दिल्ली/एजेन्सी-** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संसदमा गरेको सम्बोधनको एक शब्द संसदको रेकर्डबाट हटाइएको छ । प्रधानमन्त्री मोदीले संसदको बजेट सत्रको सुरुमा संसदको संयुक्त सत्रमा बिहीबार गरेको टिप्पणीको एक शब्द संसदको रेकर्डबाट हटाइएको हो ।

राष्ट्रपतिको सम्बोधनप्रति धन्यवाद प्रस्तावअन्तर्गत मोदीले बिहीबार राज्यसभामा आफ्नो मन्तव्य राखेका थिए । यसक्रममा उनले प्रयोग गरेको शब्दलाई राज्यसभाको अध्यक्षता गरेका उपराष्ट्रपति एम वेंकैया नायडुले हटाउन निर्देशन दिएका हुन् ।

मोदीको सम्बोधनका अतिरिक्त नायडुले काँग्रेसका वरिष्ठ नेता गुलाम नबी आजादको टिप्पणीबाट पनि एक शब्दलाई हटाएका छन् । मोदीको सम्बोधन लगत्तै आजादले राज्यसभामा आफ्नो धारणा राखेका थिए । भारतमा राज्यसभाको अध्यक्षता उपराष्ट्रपतिले गर्ने संवैधानिक प्रावधान छ । आधिकारिक रेकर्डका लागि उपयुक्त नदेखिएका टिप्पणीलाई सदनको सभापतिको निर्देशनअनुसार हटाउने गरिन्छ ।

राज्यसभाले जारी गरेको वक्तव्यमा भनिएको छ, 'सभापतिले फेब्रुअरी ६ को बेलुका ६ बजेर २० मिनेट देखि ६ बजेर ३० मिनेटसम्मको कारवाहीको केही अंश हटाउने निर्देशन दिनुभएको छ ।' यस्तै विपक्षी नेता तथा कांग्रेसका वरिष्ठ सांसद गुलाम नबी आजादको टिप्पणीको एक शब्द पनि हटाइएको छ । मोदीको भाषणपछि उनले गरेको टिप्पणीको अंश हटाइएको हो ।

तर, मोदी र गुलाम नाबीको कुन शब्द रेकर्डबाट हटाइएको हो भन्ने जानकारी दिइएको छैन ।

यद्यपि भारतको संसदीय अभ्यासमा प्रधानमन्त्री कै टिप्पणी हटाउनु दुर्लभ घटना हो । मोदी र आजादले प्रयोग गरेका कुन शब्द हटाइए भन्ने खुलाइएको छैन । राज्यसभा बैठकमा मोदीले विपक्षी दललाई निशाना बनाउँदै भनेका थिए, 'नयाँ दशकमा नयाँ आवरणको जो अपेक्षा थियो, त्यसमा म निराश भएको छु, तपाईहरु जहाँ हुनुहुन्थ्यो, त्यहीँ रहनु भयो ।' उनले विपक्षी सांसदहरुलाई लक्षित गर्दै पहिला 'साइलेन्ट' रहेकाहरु अहिले 'भाइलेन्ट' हुन थालेको टिप्पणीसमेत गरेका थिए ।

# कजाखस्तान भिडन्तमा ८ जनाको मृत्यु

**कजाकस्तान/एजेन्सी-** मध्य एसियाई मुलुक कजाकस्तानको दक्षिणको एक गाउँमा शुक्रबार भएको भिडन्तमा आठजनाको मृत्यु हुनाका साथै एक दर्जन घाइते भएका छन् । कजाकस्तानका गृहमन्त्री यार्लान टुर्गुमबायेभले प्रहरी र सेनाको हस्तक्षेपका कारण स्थिति नियन्त्रणमा आइसकेको बताए । उक्त भिडन्त स्थानीय गाउँलेबीच भएको थियो ।



उक्त द्वन्द्व मुख्य रुपमा कजाख समुदाय र अल्पसंख्यक डुन्गानबीच भएको थियो । स्थानीय युवा हातहातमा लाठी र अरू घरेलु हतियार लिएर एकअर्काविरुद्ध उत्रिएको सामाजिक सञ्जालमा तस्बिरहरु राखिएका छन् । उक्त घटना हुनुको मुख्य कारणबारे भने स्पष्ट हुन सकेको छैन । कजाकस्तानमा एक सयभन्दा बढी जातजाति रहेका छन् ।

## साउदीमा रोजगारको अवसर | कम्पनी : AHMED M. ALOMAIR SONS CO. शहर : KSA

पूर्व स्वीकृत मिति: २०७६/१०/१५ चलानी नं.: ६०१५०१२५ L.T. No.:230780

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 4 | 0 | | 1900 | ५७,२८५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १६ गते (16 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ८६२/०६६/०६७

माउण्ट कञ्चन इन्टरनेशनल प्रा. लि.
पि.ओ.बक्स: ८९७५, इ.पि.सि. ८१३, पिङ्गलास्थान-९,गौशाला
फोन: ४४८१०४१, ४४९९०९४
Email: info@mountkanchan.com.np | Website: mountkanchan.com

## साउदीमा रोजगारको अवसर | कम्पनी : FOOD BASICS TRADING COMPANY शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०७६/१०/२१ चलानी नं.: ६०१५११२२ LT. No.: 232222

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३०,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ४ र ५ गते (16 & 17 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: १११/०५४/०५५

Space Overseas Services Pvt. Ltd.
Sukedhara, Kathmandu, Tel: 4376717, 4379275, Fax: 4377352
E-mail : info@spaceoverseas.com, Web : www.spaceoverseas.com

## मलेसियामा रोजगारको अवसर | कम्पनी : HARD JOB SDN BHD शहर : MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/१०/०५ चलानी नं.: ६०१५०२०२ LT. No.: 230739

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cargo Workers | 36 | 0 | स. काममा दक्ष | 1200 | ३३,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ४ गते (16 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

DITYA INTERNATIONAL PVT. LTD.
Sinamanga-9, Manpower Bazar, Kathmandu, Tel.: 4492260
श्रम ई. पत्र नं.: ११७१/०७३/०७४
E-mail : dityainternational1171@gmail.com, Web.: www.dityainternational.com

## UAE मा रोजगार | PETROLAND RECRUITMENT

पूर्व स्वीकृती मिति: २०७६/१०/२४ चलानी नं. ६०१५१३६७ LT No. : 232363

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Bricklayer Assistant | 50 | साधारण | 800 | २४,८६५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०७६ फाल्गुण ४ गते (16 Feb) यस प्रा. लि. को कार्यालय चाकुपाट, ललितपुरमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा. लि.
श्रम ईजाजत न.: ११३/०५५/०५६
चाकुपाट, ललितपुर, फोन: ५२६०३२६, ९८०२०९६६४१, ९८५१००७१८२२, ९८०१२३२४०६, ९८०१२३२४१०, ९८०१२३२४०५, ९८०१२३२४०७, ९८०१२३२४०४, ९८०१०८२२०४, ९८५११००३६८

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
फिलाटेलिक तथा हुलाक टिकट व्यवस्थापन कार्यालय
डिल्लीबजार, काठमाडौं ।

## संशोधन सम्बन्धी सूचना

यस कार्यालयको मिति २०७६ माघ २१ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा वेबसाईट तथा मोबाईल एप्स निर्माण र डिजीटल आर्काईभ सेवा आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएकोमा **प्रथमपटक प्रकाशन मिति २०७६ माघ २१ हुनुपर्ने र आशयपत्र पेश गर्ने बारेको सूचना हुनुपर्नेमा** अन्यथा हुन गएकोले सच्याईएको छ ।

# बक्स अफिस समाचार

## 'प्रेमगीत ३'को टिकटक प्रतियोगिता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ माघ

प्रदिप खड्का स्टारर चलचित्र 'प्रेमगीत ३'को केही दिन अघि सार्वजनिक भएको 'हात्ती ढुंगामा' बोलको गीतको टिकटक भिडियो प्रतियोगिताको घोषणा गरेको छ। गत मंगलबार मात्रै ओएसआर मुभिजको यूट्युब च्यानलबाट सार्वजनिक गरिएको चलचित्रको पहिलो गीत रहेको 'हात्ती ढुंगामा' सार्वजनिक भएको २४ घण्टा नबित्दै यूट्युबमा ट्रेण्डिङ १ मा समेत आएको थियो।

अब सोही गीतमा उत्कृष्ट टिकटक भिडियो बनाउनेलाई निर्माण टिमले पुरस्कृत गर्ने छ। निर्माता तथा निर्देशक सन्तोष सेनका अनुसार उत्कृष्ट टिकटक भिडियो बनाउने एक जनालाई स्कुटरबाट पुरस्कृत गरिनेछ। त्यस्तै, अन्य तीन जनालाई स्मार्टफोनबाट पुरस्कृत गरिनेछ। साथै उत्कृष्ट टिकटक भिडियो बनाउने अन्य बीस जनालाई फिल्मका मुख्य पात्र 'प्रेम' अर्थात् प्रदीप खड्का र 'गीत' अर्थात् क्रिस्टिना गुरुङसँगै कफी र फिल्म हेर्ने अवसर दिइने निर्माता एवं निर्देशक सेनले जानकारी गराएका छन्।




टिकटक भिडियो बनाउँदा ओर्जिनल भिडियोमा जस्तै स्टेप मिलाउनुपर्ने निर्माता तथा निर्देशक सेनको भनाई छ।'

यस प्रतियोगितामा सहभागी जनाउनका लागि उक्त गीतमा भिडियो बनाएर टिकटक एपअन्तर्गत ह्यासट्याग प्रेमगीत, ह्यासट्याग चैत २८ लेखेर पोष्ट गर्नुपर्ने हुन्छ। टिकटक एपमा पोष्ट भएका भिडियोहरुमध्ये सर्वाधिक भ्यूज र लाइक्सको आधारमा विजेता छनोट गरिनेछ।

मेलिना राई र सागर आलेको स्वरमा निर्माण भएको सो गीतलाई हर्कबहादुर साउदले लेखेका हुन्। गीतमा प्रदीप खड्का, क्रिस्टिना गुरुङ, सुनील थापा, माहोत्से गुरुङ, क्रिजन गौतम लगायतका कलाकार देखिएका छन्। कल्याण सिंहको संगीत रहेको भिडियोमा कविराज गहतराजको कोरियोग्राफी रहेको छ।

निर्माण टिमले यो घोषणा गरेको केहि समयमै टिकटकमा यस गीतमा भिडियो बनाउनेको जमात बढेको देखिएको छ। चैत २८ गतेबाट देशभर प्रदर्शनमा आउन लागेको चलचित्रमा प्रदीप खड्का, क्रिष्टिना गुरुङ, शिव श्रेष्ठ, सुनिल थापा, सन्तोष सेन, माओत्से गुरुङ, मनिष राउत, पुष्कर कार्की, प्रेम पुरी, अनुभव रेग्मी, योगिशा क्षेत्री, समृद्धि शाही ठकुरी, कृजन गौतम, जीवन बराल, लक्ष्मी बर्देवा, जीवन भट्टराई, सुजल बस्नेत, राज थापालगायत कलाकारहरुको अभिनय रहेको छ। फिल्मलाई सन्तोष सेन र छेतेन गुरुङले संयुक्त रुपमा निर्देशन गरेका हुन्।

## 'मन्त्र'को टिजरमा हिमाली क्षेत्रको प्रेमकथा



**काठमाडौं/मस–** अभिनेता सौगात मल्ल अभिनीत चलचित्र 'मन्त्र'को टिजर सार्वजनिक भएको छ। निर्देशक खिल बहादुर गुरुङले निर्देशन गरेको सो चलचित्रमा सौगातले पहिलो पटक अभिनेत्री दीया पुनसँग स्क्रिन सेयर गरेका छन्। गोरखाको मनास्लु क्षेत्रमा छायाँकन गरिएको सो चलचित्रको यसअघि पोस्टर सार्वजनिक भएको थियो जसमा कुनै पनि कलाकारलाई फिचर्ड गरिएको थिएनन्।


निर्माण टिमले मनास्लु क्षेत्रमा छायांकन गरिएको पहिलो फिल्म 'मन्त्र' रहेको दाबी गरेको छ

। यो फिल्मको नाम छायांकनमा जाँदा 'बमकाजी' राखिएको थियो। तर, पछि कथाअनुसार फिल्मको नाम नसुहाउने भएकाले फिल्मको नाम 'मन्त्र' राखिएको निर्देशक गुरुङले बताए। फिल्मलाई आउँदो नयाँ वर्ष २०७७ मा प्रदर्शन गर्ने निर्माण टिमको तयारी छ। तर, कुन दिन प्रदर्शनमा आउनेछ त्यसको भने टुंगो लागेको छैन।

फिल्म 'मन्त्र' ले हिमाली क्षेत्रको प्रेम कथा बोल्छ। फिल्ममा बुद्दि तामाङ, नमिता घिसिङ, वीर बहादुर लामालगायतका कलाकार हरुको पनि अभिनय छ। टिजरमा सौगात र दीया हिमाली वेशभूषामा र लवजमा देखिएका छन्। मनास्लु क्षेत्रको प्राकृतिक सुन्दरता पनि टिजरमार्फत् देखाइएको छ। सौगात र दीयाको प्रेममा आउने उतार-चढावमा फिल्म केन्द्रित रहेको टिजरबाट अनुमान गर्न सकिन्छ। टिजरले दर्शकमा फिल्मप्रति कौतुहलता जागृत गर्ने देखिन्छ। निर्देशक गुरुङले फिल्मलाई राम्रो बनाउन कुनै कसर बाँकी नछाडेको बताउँछन्।

मनोज राजभण्डारी निर्माता रहेको फिल्मको कार्यकारी निर्मातामा देवेन्द्र मानन्धर, सह-निर्मातामा रविराज कार्की, सुरेश कार्की, वीर बहादुर लामा र शुभ श्रेष्ठ रहेका छन्। साम्तेन भुटियाले लेखेको फिल्ममा शम्भुजित बास्कोटा र सन्तोष सुनारको संगीत, संजय लामाको छायांकन र मित्र डि. गुरुङको सम्पादन रहेको छ। सौगात र दीयाले यो फिल्मबाट निकै आश गरेका बताएका छन्।

## आमिरको तीन भिन्न अवतार



**भारत/एजेन्सी–** बलिउड सुपरस्टार आमिर खान यतिबेला नयाँ फिल्म 'लाल सिंह चड्ढा'को छायांकनमा व्यस्त छन्। 'मिस्टर पर्फेक्सनिष्ट' को उपनाम पाएका भारतीय नायक आमिर सो चलचित्रमा तीन भिन्न अवतारमा देखिँदै छन्। आमिर हरेक पटक चलचित्रमा केही अलग र केही नयाँ विषयवस्तु पेश गर्ने गर्छन्।

फिल्ममा आमिरलाई शिरमा पगडी, लामो दाह्री र लामो खुल्ला कपालसँगै क्लिन सेभ लुक्समा देख्न पाइनेछ। अभिनेता आमिरको सरदार लुकसँगै उनको लामो दाह्रीवाला लुकलाई दर्शकले निकै रुचाएका छन्। अहिले, क्लिन सेभसहित अभिनेता आमिरको एक नयाँ लुक बाहिर आएको छ। जसले दर्शकमा फिल्मप्रति अझ धेरै उत्सुकता बढाउने देखिएको छ।

आमिर यो फिल्ममा एक ५४ वर्षीय व्यक्तिको भूमिकामा देखिँदैछन्। फिल्मलाई अद्वैत चन्दनले निर्देशन गरिरहेका छन्। आमिर खानको फिल्म 'लाल सिंह चड्ढा' सन् १९९४ मा आएको हलिउड फिल्म 'फरेस्ट गम्प' को हिन्दी रिमेक हो। ओरिजिनल फिल्ममा मुख्य पात्र फरेस्टको दिमाग कम काम गर्छ। तर पनि उसले सफलता प्राप्त गर्छ र ऐतिहासिक पुरुष बन्छ। तर, उसलाई प्रेमिकाले छाडेर जान्छिन्। यसैको हिन्दी रिमेकमा आमिरको अपोजिटमा अभिनेत्री करीना कपूर खान छिन्।

फिल्मको कथा अतुल कुलकर्णीले लेखेका हुन्। यो फिल्म २०२० को क्रिसमसमा रिलिज हुँदैछ। फिल्ममा साउथका सुपरस्टार विजय सेतुपतिको पनि अभिनय रहनेछ। उनले फिल्ममा आमिरको बेस्ट फ्रेन्डको भूमिका निभाउने बताइएको छ। उनको चरित्र तमिल व्यक्तिको ब्याकग्राउन्डमा देखाउने तयारी भइरहेको छ। यो फिल्मबाट विजयले बलिउड फिल्ममा डेब्यू गर्नेछन्।

## गीता र पद्मावतीलाई 'नेपाली साहित्य नारीरत्न'




**काठमाडौं/मस–** साहित्यकार गीता केशरी र पद्मावती सिंह संयुक्त रूपमा 'नेपाली साहित्य नारीरत्न' पुरस्कारबाट सम्मानित भएका छन्। काठमाडौंमा त्रिमूर्ति निकेतनको आयोजनामा आयोजित कायृक्रममा साहित्यकार गीता र पद्मावतीलाई वाङमय शताब्दी पुरूष संस्कृतिविद् सत्यमोहन जोशीले उक्त पुरस्कारबाट सम्मानित गरेका हुन्।

उक्त पुरस्कार ताम्रपत्रका साथै एक लाख रूपियाँ नगद राशी सहितको रहेको छ। त्रिमूर्ति निकेतनले समाजका विभिन्न क्षेत्रमा क्रियाशील व्यक्तित्वहरूलाई सम्मानित एवम् पुरस्कृत गर्दै आएको छ। त्यस्तै डा.तारानाथ शर्मालाई एक लाख रूपैयाँ राशिसहित बालकृष्ण सम पुरस्कार प्रदान गरियो। कार्यक्रममा कलाकार राजन काफ्ले, समाजसेवी द्वय गोपाल महर्जन र चिनयाँराज श्रेष्ठलाई 'सत्यमोहन जोशी शताब्दी पदक' प्रदान गरियो। सोही अवसरमा मोहनकृष्ण सापकोटा रडण्डुराज घिमिरेलाई त्रिमूर्ति सम्मान प्रदान गरिएको थियो। कार्यक्रममा संस्कृतिविद् जोशीले प्रा.डा.वासुदेव त्रिपाठीबाट लेखिएको 'नरेन्द्रराज प्रसाईको जीवनी कृति मेरी आमा भागीरथा प्रसाई : समीक्षात्मक विमर्श', नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईबाट सम्पादित 'राष्ट्र कविको सय वर्ष', नरेन्द्रराज प्रसाईद्वारा लिखित 'शताब्दी पुरूषको सय वर्ष' र 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनी कृतिको लोकार्पण गरेका थिए।

त्रिमूर्ति निकेतनका अध्यक्ष इन्दिरा प्रसाईको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रा.डा.उषा ठाकुर, प्रा.डा.वासुदेव त्रिपाठी, मोदनाथ प्रश्रित, प्रा.राजेन्द्र सुवेदी, प्रा.ठाकुर पराजुली, प्रा.डा.गार्गी शर्मा, मदनदास श्रेष्ठ, यादव भट्टराई र त्रिमूर्ति निकेतनका सदस्य सचिव नरेन्द्रराज प्रसाई बोलेका थिए।

## सौर्यको भाषण तथा उद्घोषण कला पुस्तक लोकार्पण



**काठमाडौं/मस–** शंकर प्रधान सौर्यको भाषण तथा उद्घोषण कला पुस्तक सार्वजनिक भएको छ। ड्रीम प्वाइन्ट एजुकेसनल एण्ड ट्रेनिङ इन्स्टिच्युटको दशौं वार्षिकोत्सवको समारोहमाबीच महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरुङले उक्त पुस्तकको लोकार्पण गरे।

लोकार्पण समारोहमा बोल्दै मन्त्री गुरुङले पुस्तकले महिला तथा युवालाई आफ्ना विषय, हकअधिकार तथा मुद्दामा केन्द्रित रहेर जोडदार कुरा उठान गर्न सहयोग पुर्‍याउने विश्वास व्यक्त गरे।

नेपाली समाजमा पुस्तौंदेखि प्रचलित बोल्नेको पिठो पनि बिक्छ र नबोल्नेको चामल पनि बिक्दैन भन्ने उखानलाई चरितार्थ गर्ने उद्देश्यले प्रकाशित पुस्तकले उत्पीडित जाति, क्षेत्र, वर्ग, लिङ्ग र व्यक्तिलाई अन्तरआत्मादेखि नै सशक्त बनाउँदै सत्य वाणी बोल्न प्रेरित गर्नेमा आफ्ना धारणा व्यक्त गरे।

सम्बोधनकै क्रममा उनले नेपाल सरकारले अघि सारेको समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्य हासिल गर्नका लागि सबैले जायज माग उठाउनुपर्ने र सम्बन्धित निकाय तथा सरकारलाई समेत झक्झक्याउन सक्नुपर्ने कुरा व्यक्त गरे।

त्यस्तै पुस्तकको समीक्षा गर्दै जनप्रशासन क्याम्पसका उपप्राध्यापक एवं स्थानीय शासन विज्ञ डा. बुद्धिमान श्रेष्ठले पुस्तकले अन्तरमनको भाव बोकेको र नेपाली समाजमा देखिएका जल्दाबल्दा विषय उठान गर्न सफल भएको धारणा व्यक्त गरे। उनले भने, 'जो बोल्न डराउँछ, लजाउँछ र अप्ठ्यारो मानेर पन्छिने काम गर्छ, उनको लागि यो पुस्तक रामवाण सावित हुनेछ।'

यसैक्रममा अधिवक्ता, लेखक तथा सामाजिक अभियन्ता स्वागत नेपालले पुस्तकको समीक्षा गर्दै सो पुस्तकले व्यक्तिको व्यक्तित्व एवम् नेतृत्व क्षमता विकास गर्नमा मद्दत पुर्‍याउने बताए। उनका अनुसार आजको समयमा देशका नेताहरूको भाषण सामान्यभन्दा सामान्य व्यक्तिले बुझ्ने प्रकारको नभएको र आफूले मन्तव्य दिने क्रममा दर्शक स्रोताको ध्यान खिचिराख्नको लागि भाषण तथा उद्घोषणकला पुस्तक सहयोगी रहेको बताए।

**Halesi Tuwachung Municipality**
Office of the Municipal Executive
Durchim, Khotang

**Invitation for Bids**

First date of notice publication: 9th February 2020 (26th Magh 2076)

1. The Halesi Tuwachung Municipality, Office of the Municipal Executive, Durchim, khotang invites sealed bids submitted manually from registered contractors for the Arkhoule Agriculture Market Management & Construction Works under National competitive Bidding- single stage single envelope bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding document fron the Halesi Tuwachung Municipality, Office of the Municipal Executive, Durchim, Khotang upon payment of non-refundable fee of Nrs.3000.00 till 11th March 2020.:- Information to deposit the cost of bidding document in Bank:
   Name of Bank: Machhapuchre Bank Limited, Halesi Branch
   Deposit Account No: 7701524650917055, Antarik Shrot
   Account Operating Office: Halesi Tuwachung Municipality,Durchim, khotang
   Office Code No: 12-365-05
   Amount to be deposited in the name of: Office of the Municipal Executive, HTM, Durchim, khotang
3. Pre-bid meeting shall be held at the Office of the Municipal Executive, Durchim, khotang at 13:00 hrs on 29th February 2020.
4. Sealed bids must be submitted to the Office of the Municipal Executive, Durchim, khotang through hand/courier on or before 12:00 hrs on 11th March 2020. Bids received after this deadline shall not be accepted. The bids shall be opened physically in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs on the same day at same place.
5. Bids must be valid for a period stated in the table and must be accompanied by a bid security amounting to a minimum of as mentioned in the table below. The bid security shall be valid for 30 days beyond the validity period of the bid. Information regarding the Bid Security deposit in the Bank;
   Name of the Bank: Machhapuchre Bank Limited, Halesi Branch
   Deposit Account No: 7701524650917047, Dharauti
   Account Operating Office: Halesi Tuwachung Municipality,Durchim, khotang
   Office Code No: 12-365-05
   Amount to be deposited in the name of: Office of the Municipal Executive, HTM, Durchim, khotang
6. If the last date of purchasing and/ or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. All the rules and regulations shall be according to the Federal Laws of Nepal. Office of the Municipal Executive, Durchim, khotang reserves the right to accept or reject wholly or partially or all the bids without assigning any reasons whatsoever.
8. The summary of contract is as given below in Table;

| Contract No. | Contract Name | Cost of Bid Doc | Bid Validity | Bid security/ Bid Security Validity period |
|---|---|---|---|---|
| HTM/Works/NCB-06/076/077 | Arkhoule Agriculture Market Management & Construction Works | NRs . 3000.00 | 90 (ninty) days | 1,25,000.00/ (90+30)days |

# ओडिआईमा नेपालको पहिलो जित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ माघ

आइसीसी विश्वकप क्रिकेट लिग दुईमा नेपालले पहिलो जित हासिल गरेको छ। घरेलु मैदानमा सिरिजको दोस्रो खेल खेल्दै नेपालले अमेरिकालाई ३५ रनले हराएको हो। यसअघि पहिलो खेलमा नेपाल ओमानसँग १८ रनले पराजित भएको थियो।



अमेरिकाले टस जितेर फिल्डिङ रोजेपछि नेपाल ब्याटिङमा उत्रेको थियो। नेपालले ४९ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै १९० रन बनायो। एक सय ९१ रनको विजय लक्ष्य पछ्याउने क्रममा अमेरिकाको पारी ४४ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै १५५ रनमा समेटियो। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा नेपालको शुरुआत भने शनिबार पनि राम्रो भएन। टोलीका भरपर्दा ब्याटस्म्यान शरद भेषवाकर घाइते भएपछि आजको खेलमा आगमन गरेका सुवास खकुरेल तीन रनमै पेभेलियन फर्किए। त्यसपछि कप्तान ज्ञानेन्द्र मल्ल २१ रनमा आउट भए। खेलको सत्रौं ओभरमा उपकप्तान दीपेन्द्रसिंह ऐरी शून्य रनमै पेभेलियन फर्किएका थिए। खेलको १८औं मिनेटमा पारस खड्का १९ रन बनाएर आउट भएका थिए। खेलको २१औं ओभरमा आरिफ शेख दुई रन बनाएर पेभेलियन फर्किएपछि नेपालको पारि धरमराएको थियो। नेपालको स्कोर ४९ रनको छँदा पाँच खेलाडी आउट भएका थिए।

छैटौं नम्बरमा ब्याटिङ गर्न आएका बायाँ हाते अलराउण्डर कुशल मल्ल र सातौं नम्बरमा मैदान प्रवेश गरेका विनोद भण्डारीले नेपालको पारी उकासेका थिए। कुशलले ५१ बल खेल्दै ५० रन बनाए। यस क्रममा उनले तीन छक्का र चार चौकासमेत प्रहार गरे। कुशलले एकदिवसीय क्रिकेटमा डेब्युमै सबैभन्दा कम उमेरमा अर्धशतक बनाउने विश्व कीर्तिमानसमेत बनाउनुभयो। कुशलले १५ वर्ष ३४० दिनको उमेरमा सो कीर्तिमान बनाएका हुन्। यसअघि एकदिवसीय क्रिकेटमा सबैभन्दा कम उमेरमा अर्धशतक बनाउने कीर्तिमान नेपालकै रोहितकुमार पौडेलको नाममा थियो। रोहितले गत वर्ष युनाइटेड अरब इमिरेटस् (युएई) विरुद्धको एकदिवसीय सिरिजमा उक्त कीर्तिमान बनाएका थिए। त्यो बेला उनी १६ वर्ष १४६ दिनको थिए। कुशलले भारतीय क्रिकेटका पूर्वकप्तान सचिन तेन्दुल्कर र पाकिस्तानका पूर्वकप्तान शाहिद अफ्रिदीको रेकर्डसमेत तोडेका थिए। सचिनले टेस्ट क्रिकेटमा १६ वर्ष २१३ दिन तथा अफ्रिदीले १६ वर्ष २१७ दिनको हुँदा अर्धशतक प्रहार गरेका थिए।

यस्तै विनोद भण्डारीले ५९ रन बनाए। उनले ७९ बल खेल्दै एक छक्का र छ चौका प्रहार गरे। करन केसीले १२ तथा सुशन भारीले ११ रन बनाए। बलिङतर्फ अमेरिकाका लागि क्यामरोन स्टिभनले तीन तथा रुस्टी थेरन र कप्तान सौरभ नेत्रवल्कारले दुई दुई विकेट लिए। करिमा गोर, इयान होल्यान्ड र एलमोर हुचिसेनले एक-एक विकेट लिएका थिए।

१९१ रनको लक्ष्य पछ्याउने क्रममा अमेरिकाको पनि सुरुआत भने राम्रो भएन। अमेरिकाले चार ओभरमा चार विकेट गुमाएको थियो। त्यो बेला टोलीको स्कोर १३ रन मात्र थियो। अमेरिकाले ११ ओभरमा २९ रन छँदा पाँचौं विकेट गुमायो। अमेरिकाका लागि इयान होल्यान्डले अर्धशतकीय पारी खेले। उनले ७५ रनको योगदान दिए पनि टिमलाई भने जीत दिलाउन सकेनन्। एक सय ११ बल खेल्ने क्रममा होल्यान्डले सात चौका प्रहार गरेका थिए। यस्तै क्यामरोन स्टिभेन्सनले १९ र करिमा गोरेले १० रन बनाए।

बलिङतर्फ नेपालका लागि करन केसीले चार विकेट लिए। सुशन भारीले तीन, सन्दीप लामिछाने दुई तथा कुशल मल्लले एक विकेट लिए। करनले सात दशमलव एक ओभरमा एक मेडन राख्दै १५ रन खर्चिए। सुशनले १० ओभरमा एक मेडन राखेर ४३ रन दिएका थिए भने सन्दीपले १० ओभर बलिङ गर्दै दुई मेडन राखी २७ रन खर्चिन पुगे। कुशलले दश ओभरमा एक मेडनसहित ३० रन खर्चिएका थिए। करन केसी खेलको म्यान अफ दी म्याच घोषित भए। नेपालले आइतबार तेस्रो खेल ओमानसित खेल्ने छ।

## ए डिभिजन लिग
# जावलाखेल र शेर्पा विजयी



**काठमाडौं/मस-** सहिद स्मारक ए डिभिजन लिगमा हिमालयन शेर्पा क्लबले च्यासल युथ क्लबलाई पराजित गरेको छ। ललितपुरको एन्फा कम्प्लेक्समा शनिबार भएको पहिलो खेलमा शेर्पाले च्यासललाई ३-२ गोल अन्तरले हराएको हो।

शेर्पाको जितमा विजय गुरुङले दुई तथा त्रिदेव गुरुङले एक गोल गरे। च्यासलका हायातु वाकिनोले दुई गोल फर्काए। शीर्ष ६ मा स्थान बनाउन संघर्षरत च्यासलमाथि जित निकाल्दै शेर्पा क्लब दुई खेल अगावै रेलिगेशनबाट जोगिएको छ। च्यासलको भने शीर्ष ६ मा पर्ने सम्भावना कमजोर बनेको छ।

खेलको २८ औं मिनेटमा विजयले गोल गर्दै शेर्पालाई अगाडि बढाएका थिए। त्रिदेव गुरुङले ३३ औं मिनेटमा शेर्पाको अग्रता दोब्बर बनाए। त्यसको चार मिनेटपछि च्यासलका हायातो वाकिनोले गोल गर्दै खेललाई २-१ को अन्तरमा झारे। ५० औं मिनेटमा विजयले व्यक्तिगत दोस्रो गोल गर्दै शेर्पालाई ३-१ को स्थितिमा ल्याएका थिए।

खेलको अन्तिम समयमा हायातोले व्यक्तिगत दोस्रो गोल गर्दै च्यासलको हार अन्तर कम गरे। जितसँगै शेर्पा ११ खेलबाट १० अंक जोड्दै तालिकाको तालिकाको ११ औं स्थानमा उक्लिएको छ। च्यासल १२ अंक सहित तालिकाको दशौं स्थानमा यथावत छ।

त्यस्तै, जावलाखेल युथ क्लबले पाँचौं जित निकालेको छ। शनिबार नै एन्फा कम्प्लेक्स मैदानमा भएको खेलमा १० खेलाडीमा झरेको फ्रेण्ड्स क्लबलाई १-० ले हराउँदै जावलाखेल पाँचौं स्थानमा उक्लिएको हो।

पहिलो हाफ गोलरहित बनेको खेलको ५८औं मिनेटमा फोडे फोफोनाले गोल गर्दै जावलाखेललाई अग्रता दिलाएका थिए। त्यसको चार मिनेटपछि फ्रेण्ड्सका साउलो डि रातो कार्ड पाउँदै मैदानबाट बाहिरिए। खेलको आधा घण्टा १० खेलाडीमा झरेको फ्रेण्ड्सले जावाखेलविरुद्ध गोल गर्न सकेन र पराजित हुन पुग्यो।

जितसँगै जावलाखेल एघार खेलबाट १८ अंक बनाउँदै पाँचौं स्थानमा उक्लिएको छ। पराजयसँगै फ्रेण्ड्स १२ औं स्थानमा यथावत छ। उसले एघार खेलबाट १४ अंक बनाएको छ।

यता शनिबार नै हुने भनिएको मनाङ मर्स्याङ्दी र एनआरटीबीचको खेल स्थगित भएको छ। लिगमा पहिलो पटक एकै दिन तीन खेल राखिएको थियो। मनाङ र एनआरटीको खेल दिउँसो ३ बजे हलचोकस्थित शसस्त्र प्रहरी बल (एपीएफ)को मैदानमा राखिएको थियो। अखिल नेपाल फुटबल संघ एन्फाले खेल सुरु हुनु करिब एक घण्टा सूचना निकाल्दै खेल स्थगित भएको जानकारी दिएको हो।

एन्फाले प्राविधिक कारणले खेल स्थगित गर्नुपरेको जनाएको छ। स्थगित खेल आइतबार (आज) १ बजे एन्फा कम्प्लेक्स सातदोबाटोमा हुनेछ। उपाधि होडबाट बाहिरिसकेको मनाङ लिगमा राम्रो स्थान हासिल गर्न चाहन्छ। एनआरटी भने शीर्ष ६ को दौडमा रहेको छ।

# विनायकलाई प्याब्सक कपको उपाधि

**काठमाडौं, मस-** विनायकले चौथो प्याब्सक कप अन्तरविद्यालय छात्र फुटसल प्रतियोगिताको उपाधि जितेको छ। निजी तथा आवसीय विद्यालय संगठन काठमाडौं (प्याब्सक) द्वारा आयोजित प्रतियोगिताको फाइनलमा विनायकले विट्स एकेडेमीलाई ६-२ गोलले पराजित गऱ्यो। विनायकका 'म्यान अफ द म्याच' स्कन्द पोखरेलले ४ गोल गरे। सतिश थापा र नितिश सहनीले १-१ गोल थपे। विट्स एकेडेमीका साम्देन तामाङ र रिसोप प्रधानले १-१ गोल फर्काए।




लुम्बिनी एकेडेमीको मुख्य प्रायोजनमा चुच्चेपाटीस्थित लुम्बिनी फुटसलमा तेश्रो स्थानका लागि भएको खेलमा सगरमाथाले पुष्पलाललाई ३-१ गोलले हरायो। विजेताले १० हजार र उपविजेताले ८ हजार नगद पुरस्कार पाए। तेश्रो हुनेले ७ हजार तथा चौथोले ५ हजार नगद पुरस्कार हात पारे। विट्सका अशोक मगर उत्कृष्ट खेलाडी, विनायकका युवराज गोर्खाली उत्कृष्ट गोलरक्षक, विनायकका सतिश थापा उत्कृष्ट डिफेन्डर र विनायकका आनन्द क्षेत्री उत्कृष्ट प्रशिक्षक घोषित भए। विनायकका स्कन्द पोखरेल अनुशासित खेलाडी चुनिए भने विट्सका रिसोप प्रधान उदीयमान खेलाडी ठहरिए।

विजेतालाई प्रदेश सांसद् नरोत्तम वैद्य, आयोजक प्याब्सकका अध्यक्ष गेन्द्र लामा, लुम्बिनी एकेडेमिक फाउन्डेसनका प्रबन्ध निर्देशक रविचन्द्र कोइराला, काठमाडौं महानगरपालिका वडा नं. ७ का अध्यक्ष शुद्धकुमार डंगोल, एन प्याब्सनका केन्द्रीय कोषाध्यक्ष प्रताप थापालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। तीनदिने प्रतियोगितामा ६४ टिमले नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए।

# द टाइम्स रेसमा भूमि पहिलो

**काठमाडौं/मस-** शहिद रामनाथ मल्टीपल कलेजकी हुमी बुढा मगर तेश्रो द टाइम्स ५ किलोमिटर रोड रेसको महिलातर्फ शनिबार पहिलो भएकी छन्।

गत संस्करणको पनि विजेता हुमीले निर्धारित दूरी २१ मिनेट २१.९८ सेकेन्डमा पूरा गरिन्। जोसेफ उमाविकी प्रीति राई दोश्रो तथा नेपालय एजुकेसन फाउन्डेसन स्कुलकी विनिता तामाङ तेश्रो भए। निर्धारित दूरी तय गर्न प्रीतिले २२ मिनेट ५१.०९ सेकेन्ड तथा विनिताले २३ मिनेट ०७.७९ सेकेन्ड समय लगाए। शीर्ष तीन स्थानमा रहनेले क्रमशः १५ हजार, १० हजार र ५ हजार नगद पुरस्कार प्राप्त गरे।

# एपीएफ र पुलिस क्लब उत्कृष्ट टिम पुरस्कारबाट सम्मानित




**काठमाडौं/मस-** सशस्त्र प्रहरी बलको एपीएफ क्लब महिला तर्फ र नेपाल पुलिस क्लब पुरुष तर्फ २०७५ बर्षको उत्कृष्ट भलिबल टिमको सम्मानबाट सम्मानित भएको छ। शनिबार तेश्रो एनभिए अवार्ड कार्यक्रमको आयोजना गर्दै नेपाल भलिबल संघले टिमलाई नगद १ लाख सहित सम्मान गरेको हो।

नेपाल भलिबल संघद्वारा सम्वन्धन प्राप्त प्रतियोगिताहरुमा एपिएफले महिला तर्फ १० मा ९ प्रतियोगितामा विजयी हुँदै उत्कृष्टता हासिल गरेको हो। यस्तै पुलिसले पुरुष तर्फ ९ खेल मध्ये ६ खेलमा विजयी हुँदै नेपाल पुलिस उत्कृष्ट टिम घोषित भएको हो।

यस्तै खेलाडी तर्फ महिलामा एपीएफ क्लबकी सरस्वती चौधरी र पुरुषमा नेपाल पुलिसका कुलबहादुर थापा बर्षका उत्कृष्ट खेलाडी घोषित भएका छन्। भलिबलका उदियमान खेलाडीहरुमा महिला तर्फ उषा भण्डारी (पुलिस क्लब) र सरण सामरी क्षेत्री (टिएसी) घोषित भएका छन्। यसैगरी महिला तर्फ एपीएफका ज्ञानेन्द्र बिष्ट र पुरुष तर्फ पुलिसका सरोज श्रेष्ठ उत्कृष्ट प्रशिक्षक घोषित भए। उत्कृष्ट खेलाडी तथा प्रशिक्षकहरुले नगद २५ हजार सहित सम्मान पत्र प्राप्त गरे।

यसैगरि भलिबल खेलमा लामो समय सम्म आवद्ध रहि भलिबल अन्तराष्ट्रिय खेलाडी जीवनबाट सन्यास लिएकी कोपिला उप्रेतीलाई संघले सम्मान स्वरुप नगद ५० हजार सहित सम्मान पत्रले सम्मान गऱ्यो। उप्रेतीले ६१ साल देखि अनवरत रुपमा भलिबल खेलको खेलाडीको रुपमा आफुलाई उभ्याएकी थिईन्। सम्मान गर्ने क्रममा नेपालमा भलिबल खेलको बिकास र विस्तारमा अनवरत लागि पर्ने न्यू डायमण्ड एकेडेमीका संस्थापक एवं प्रशिक्षक तथा नेपाल भलिबल संघ बिद्यालय कमिसनका उपाध्यक्ष कुमार राईलाई पनि रहेका छन्। राईलाई नगद २५ हजार सहित अभिनन्दन पत्रले सम्मान गरिएको हो।


सम्मान कार्यक्रममा नेपालमा भलिबल खेलको विकासमा सहयोग पुऱ्याउनु हुने नेदरल्याण्ड भलिबल संघका बिकास निर्देशक मि. पिटर भान तरेललाई पनि सम्मान पत्र र दाशल्ला ओढाएर सम्मान गरिएको थियो। नेपाल भलिबल संघले आफ्ना खेलाडी, प्रशिक्षक तथा टिमलाई विभिन्न खेलमा देखाएको उत्कृष्ट नतिजाका आधारमा मुल्याङ्कन गर्दै बिगत तीन बर्ष देखि सम्मान गर्ने कार्यक्रमको आयोजना गर्दै आईरहेको छ।

शनिबार एक कार्यक्रमविच संघिय प्रतिनिधी सभा साँसद एवं नेपाल ओलम्पिक कमिटिका अध्यक्ष माननिय जीवनराम श्रेष्ठले बर्षका उत्कृष्ट खेलाडी, प्रशिक्षक तथा टिमलाई संघद्वारा प्रदान गरिएको नगद रकम सहित सम्मान पत्रद्वारा सम्मान गरे।

सोही कार्यक्रमका दौरान बंगलादेशको राजधानी ढाकामा आयोजना भएको प्रथम एभिसी एशियन सेन्ट्रल जोन सिनियर महिला भलिबल च्याम्पियनसिप २०१९ मा विजय हासिल गर्दै राष्ट्रको नाम उच्च राख्न सफल नेपाली महिला भलिबल टिमका प्रत्येक सदस्यहरुलाई पनि नगद २५ हजार सहित सम्मान गरिएको थियो।

# हिमालयको दोहोरो जित

**काठमाडौं/मस-** हिमालयले नवौं इनोभेटिभ कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको ब्वाइजमा शनिबार दोहोरो जित हात पारेको छ।



इनोभेटिभ इङलिस स्कुलद्वारा आयोजित प्रतियोगितामा हिमालयले एस्फोडेललाई ३१-१७ ले पराजित गऱ्यो। हिमालयको जितमा विनोद नेपालीले १० अंक योगदान गरे। विनोद नेपालीकै २१ अंक सहयोगमा हिमालयले नेरिक एकेडेमीलाई ५९-५२ ले हरायो। दुई खेल खेलेको नेरिकले ह्वाइट हेभेन विरुद्ध भने ३९-१९ को जित निकाल्यो। नेरिकका समिप खत्रीले १५ स्कोर गरे। ब्वाइजमै पुष्प सदन र एसियन पब्लिकले पनि सफलता पाए। पुष्प सदनले ह्वाइट हेभेनमाथि ५५-४० ले पन्छ्यायो। पुष्प सदनका सन्जिव बोहराले १३ स्कोर गरे। एसियनले एआईएलाई ४८-२२ ले पाखा लगायो। एसियनका पारस केसीले १५ अंक जोडे।

# अर्किड कपमा घरेलु टोली सफल

**काठमाडौं/मस-** आयोजक अर्किडले पाँचौं अर्किड कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगितामा शनिबार जित हात पारेको छ। अर्किडले गोठाटारलाई टाइब्रेकरमा ३-२ गोलले पराजित गऱ्यो। निर्धारित समयको खेल १-१ को बराबरीमा सकिएको थियो। गोठाटारका उमन आचार्य 'म्यान अफ द म्याच' घोषित भए।

हाइली क्रिएटिभले दर्शनालाई १-० को झीनो गोलअन्तरले हरायो। हाइलीका हिमांशु न्यौपानेले निर्णायक गोल गरे। दर्शनाका रोशन थापा 'म्यान अफ द म्याच' चुनिए। अर्को खेलमा नेपाल तारा विजयी भयो।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हक दावी सम्बन्धी सूचना
यस कार्यालयमा मिति २०७४/०७/१२ मा दर्ता भएको **प्रा.लि. नं. १७७०१३** को **लुम्बिनी क्याफे प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हक दावी सम्बन्धी सूचना
यस कार्यालयमा मिति २०६९/०५/०६ मा दर्ता भएको **प्रा.लि. नं. ९६३७०** को **ल्याण्डमार्क ट्रेडिङ्ग एण्ड इन्भेष्टमेन्ट प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

जस्तो सीप उस्तै रोजगार
मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वासनीय म्यानपावर
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५९८३, ५५५५५२६, फ्याक्स: ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस।
Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

## विमानस्थल सम्बन्धी सरकारी नीति
# नयाँ नबनाउने, बन्द खुलाउने

**मध्यान्ह संवाददाता**
भीमदत्तनगर, २५ माघ





सरकारले आन्तरिक विमानस्थलहरु नयाँ नथप्ने नीति लिने भएको छ। भ्रमण वर्ष-२०२० मनाईरहेको सरकारले मुलुकमा नयाँ विमानस्थल नथप्ने तर बन्द रहेका विमानस्थलहरु भने सञ्चालनमा ल्याउने नीति लिने भएको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले उक्त नीतिबारे प्रष्ट पारेका छन् । मुलुकमा बन्द अवस्थामा रहेका विमानस्थल पुनःसञ्चालनमा ल्याउन सरकारअघि बढेको बताउदै उनले नयाँ विमानस्थल थप्ने योजना भने सरकारको नरहेको बताएका हुन् । शनिबार प्रदेश-७ को भीमदत्तनगरपालिका कार्यालयले आयोजना गरेको 'कञ्चनपुर विमानस्थल पुनःसञ्चालन' सम्बन्धी छलफल कार्यक्रममा पनि उनले सरकारले नयाँ विमानस्थल स्थापना गर्नुभन्दा पनि बन्द अवस्थामा रहेका विमानस्थल पुनःसञ्चालन गर्ने नीति लिएको जानकारी दिए। मन्त्री भट्टराईले सरकारले विमानस्थल सञ्चालनमा ठूलो लगानी गरेको भन्दै लगानीअनुसार राज्यलाई पनि अन्तरराष्ट्रिय मापदण्डअनुसार अघि बढ्नुपर्नेमा जोड दिए । त्यसैगरी मन्त्री भट्टराईले मझगाउँ विमानस्थल सञ्चालनमा ल्याउने पनि बताए । "विमानस्थलसित ६० बिघा जग्गा रहेछ", उनले भने, "आवश्यक जमिन थप गर्ने प्रक्रिया त झन छ लाख जनसङ्ख्या छ", उनले भने, "स्थानीय तह र प्रदेश सरकार पनि पुनःसञ्चालनका लागि सकारात्मक रुपमा लागेका छन ।"प्रतिनिधिसभा सदस्य नरबहादुर धामीले पटक/पटक मझगाउँ विमानस्थल सञ्चालनका निम्ति आफूले संसद्मा कुरा उठाएको बताए । "संसारकै ठूलो झुण्डो भएको बाह्रसिङ्गादेखि एशियाकै लामो झोलुङ्गे पुलसम्म हामीसित छन्", उनले भने, "यहाँ आउने विदेशी पर्यटकलाई महङ्गो भाडा लगाएर सुदूरपश्चिम भ्रमणमा आउन किन रोकेको ? ।" नागरिक उड्डन प्राधिकरणका महानिर्देशक राजन पोखरेलले भीमदत्तनगर नाका महत्वपूर्ण रहेको भन्दै मझगाउँ विमानस्थल सञ्चालनका लागि दुई बिघा जमिन थप गर्नुपर्ने आवश्यकता रहेको बताए ।

## कुर्था–जयनगर रेलमार्ग निर्माण सकियो
# केही दिनभित्रै आइपुग्दै रेल सेट

**काठमाडौं/रासस–** धनुषा जिल्लाको कुर्थादेखि भारतको जयनगरसम्म रेल सञ्चालनका लागि खरिद गरिएको रेल सेट केही दिनभित्रै नेपाल आइपुग्नेभएको छ। निर्माणको काम सम्पन्न भइसकेकाले रेल ल्याउने बाटो पर्खिरहेको रेल विभागले जनाएको छ।

नेपाल सरकारले भारतीय सरकारी कम्पनी कोनकानमार्फत रेल सेट खरिद गरेको हो । भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा रेलमार्ग निर्माण भएकामा सो मार्गमा सञ्चालनका लगि रेल सेट नेपाल सरकारले खरिद गरेको हो । रेल सेट भारतबाट लिग भएरै ल्याउनुपर्ने भएकाले लिग खाली भएको उपयुक्त समय मिलाएर ल्याउन लागिएको विभागका महानिर्देशक बलराम मिश्रले बताए। उनले भने, "रेल सेट रेलमार्गसम्म केही दिनभित्रै आइपुग्नेछ ।"

रेल सेट आइपुग्न लाग्दा सरकारले आवश्यक तयारी अघि बढाइरहेको छ। रेल सञ्चालनका लागि विगतमा रहेको रेल्वे कम्पनी ब्यूताउँने गरी तयारी अघि बढाएको विभागले जनाएको छ । रेल्वे कम्पनी कर्मचारी विनियमावलीमा दक्ष प्राविधिकसहित झण्डै २०० कर्मचारीको प्रस्ताव गरिएको रेल विभागले जनाएको छ । सो विनियमावलीमाथि मन्त्रालयमा छलफलमा क्रममा रहेको महानिर्देशक मिश्रले बताए ।

कम्पनीमा अहिले जनशक्ति ज्यादै न्यून छन् । त्यसमा पनि रेलसम्बन्धी ज्ञान र क्षमता भएका व्यक्ति नभएको उनको भनाइ छ । रेल सञ्चालनका लागि कम्पनीमा सबै गरी झण्डै २०० जनशक्ति आवश्यक पर्ने महानिर्देशक मिश्रले बताए । सञ्चालन, मर्मतलगायत कामका लागि इञ्जिनीयरिङ क्षेत्रका जनशक्तिसँगै कम्पनीमा प्रशासन, लेखालगायत कर्मचारी आवश्यक भएको भन्दै विभागले सबै खालका कर्मचारी प्रस्ताव गरेको हो । नेपाल भारत जोड्ने यो रेलमार्ग सञ्चालनको तयारी भइरहँदा रेल्वे विधेयक पनि अघि बढेको छ । राष्ट्रियसभाको समितिमा दफावर छलफलमा रहेको विधेयकले रेल सञ्चालनका लागि छुट्टै प्राधिकरणको परिकल्पना गरेको छ । रेल्वे विधेयकमा अन्तरराष्ट्रिय रेल सञ्चालन, चालकको योग्यता, यात्रुको सुरक्षा, रेलको सुरक्षालगायत विषय समेटेको छ ।

सरकारले भारत सरकारसँग दुई वटा रेल सेट खरिद प्रक्रिया गत वर्षअघि बढाएको थियो । 'जि टु जि' (दुई सरकारका बीच) रेल खरिद गरिएको हो । दुई वटा सेटमध्ये अहिले एउटा सेट आइपुग्ने र केही समयपछि अर्को सेट आइपुग्ने विभागले जनाएको छ । डिजेल इलेक्ट्री मल्टिपल युनिट प्रविधिको सेटमा एउटामा पाँच वटा डिब्बा रहने विभागका प्रवक्ता अमन चित्रकारले बताए ।

उनका अनुसार सरकारले अहिले दुई वटा सेट खरिद गर्दा त्यसमा जम्मा १० डिब्बा रहन्छन् । यी दुई सेटको क्षमता एक हजार दुई सयसम्म यात्रु बोक्ने रहेको उनले बताए । उनले भने, "रेल सेटको निर्माण भइरहेकाले अहिले भनेभन्दा एक दुई सयसम्म तलमाथि हुनसक्छ ।"

जयनगरबाट कुर्थासम्म ३५ किलोमिटर लम्बाइमा रेल सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार निमाण भइसकेको छ। सोही खण्डमा अहिले रेल सञ्चालन हुँदैछ। भारतको जयनगरदेखि नेपालको बर्दिवाससम्म ६९ किलोमिटर रेल सञ्चालन गर्ने लक्ष्य राखिएकामा हालका लागि ३४ किलोमिटर मात्र रेल सञ्चालन हुनेछ। कुर्थादेखि बर्दिवासको विजुरासम्म थप १७ किलोमिटरमा आगामी दिनमा रेलमार्ग विस्तार गरिनेछ । जग्गा प्राप्ति हुन बाँकी रहेकाले लिक निर्माणमा ढिलाइ भएको हो ।

जनकपुर-कुर्था रेलमार्ग निर्माणका लागि सरकारले भारत सरकारसँग सन् २०१० मा सम्झौता गरेको थियो । त्यसको एक डेढ वर्षपछिबाट काम शुरु भएको चित्रकारले बताए। भारत सरकारको आर्थिक र प्राविधिक सहयोगमा सीमा क्षेत्रमा पाँच स्थानमा रेलमार्ग निर्माण हुन लागेको उनले जानकारी दिए । तीमध्ये जयनगर-कुर्था र विराटनगर-जोगबनी बाहेक अरु तीन स्थानमा निर्माणको काम शुरु हुन सकेको छैन ।

भारत सरकारसँगको सम्झौतानुसार नै विराटनगरबाट बथनाहासम्म १८ किलोमिटर रेलमार्गमा १० किलोमिटरको काम सम्पन्न भएको भौतिक योजना तथा यातायात मन्त्रालयले जनाएको छ। १० किलोमिटर रेलमार्ग सञ्चालनका लागि तयार भइसकेको छ। सीमा क्षेत्रमा निर्माण गर्ने भनिएको अरु तीन रेलमार्गमा जलपाइगुडी-काकडभिट्टा, नौतनहवा-भैरहवा र नेपालगञ्जरोड-नेपालगञ्ज रहेका छन् । यी सबै रेलमार्ग भारत सरकारले नै निर्माण गर्ने गरी सम्झौता भएको थियो ।

# सात अर्बको शेयर कारोवार



**काठमाडौं/मस–** शेयर बजारमा यस साता शेयर कारोवार मापक नेप्से परिसूचक उतार चढावपूर्ण अवस्थामा रह्यो । कूल १७७ कम्पनीका एक करोड ११ लाख छ हजार ३५३ कित्ता शेयर रु सात अर्ब ३९ करोड १७ लाख दुई हजार ५१० मूल्यमा खरिद बिक्री भए । बजार असन्तुलित देखिँदा नेप्से ओरालो लागे पनि कारोवार रकममा भने वृद्धि भएको छ। साताको पहिलो दिन नेप्से परिसूचक उकालो लाग्यो।

उकालोको यात्रामा रहेको नेप्सेले नयाँ यात्रा तय गरेर नेप्से परिसूचक २१.२६ ले बढेर एक हजार ३४६.६४ मा पुग्यो। नेप्सेले उकालो यात्रा तय गर्दा कारोवार रकम भने रु दुई अर्ब माथि नाघ्यो। कूल १७५ कम्पनीका ५३ लाख ४६ हजार ५०८ कित्ता शेयर रु दुई अर्ब सात करोड ७९ लाख ८७ हजार ७९९ मूल्यमा खरिद बिक्री भए । सोमबार नेप्से परिसूचक वृद्धि भयो। त्यसदिन नेप्से २.४९ अङ्कले बढेर एक हजार ३४९.१३ मा पुग्यो । परिसूचकमा सामान्य वृद्धि हुँदा कारोवार रकम भने डेढ अर्ब नाघेको थियो । कूल १७७ कम्पनीका ४७ लाख ४८ हजार ८२९ कित्ता शेयर रु एक अर्ब ६१ करोड १७ लाख १९ हजार २०३ मा खरिद-बिक्री भए ।

मङ्गलबार नेप्से परिसूचक १२.०९ विन्दुले घटेर एक हजार ३३७.०४ मा झर्‍यो। नेप्से ओरालो लागे पनि कारोवार रकम भने डेढ अर्बमाथि रहेको छ । कूल १७६ कम्पनीको ४९ लाख ४९ हजार १५ कित्ता शेयर रु एक अर्ब ५७ करोड एक लाख ६६ हजार १६३ मूल्यमा खरिद बिक्री भए ।

बुधबार नेप्सेमा सामान्य वृद्धि भयो । नेप्से ५.३१ अङ्कले बढेर एक हजार ३४२.३६ मा पुगेको छ। परिसूचक वृद्धि भए पनि कारोवार रकम एक अर्बमै सीमित भएको छ। शनिबार कूल १७७ कम्पनीका ३२ लाख ६० हजार १९८ कित्ता शेयर रु एक अर्ब आठ करोड २४ लाख ८३ हजार ९०९ मा खरिद बिक्री भयो।

# प्रभु इन्स्योरेन्सको लाभांश पारित



**काठमाडौं/मस–** प्रभु इन्स्योरेन्स लिमिटेडको २४ औं वार्षिक साधारण सभाले १६.३२ प्रतिशत लाभांश पारित गरेको छ। प्रभु कम्प्लेक्समा सम्पन्न भएको वार्षिक साधारण सभाले आर्थिक वर्ष २०७५र०७६ को आर्थिक प्रतिवेदन पारित गर्नुका साथै कम्पनीले प्रस्ताव गरेको ५ प्रतिशत बोनश शेयर तथा कर सहित ११.३२ प्रतिशत नगद लाभांश गरि जम्मा १६.३२ प्रतिशत लाभांश साधारण सभाबाट स्वीकृत भएको छ।

साधारण सभामा कम्पनीको सञ्चालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै कम्पनीका अध्यक्ष कुसुम लामाले बिमा क्षेत्रमा रहेको तीव्र प्रतिस्पर्धाका बीच कम्पनीले पुँजी बृद्धि, खर्च र व्यवसाय विस्तारलाई समुचित व्यवस्थापन गरी दिगो तथा सुरक्षित र दीर्घकालीन लक्ष्य प्राप्तिका लागि अगाडि बढिरहेको बताइन् ।

लामाले आफ्ना ग्राहकवर्गलाई आवश्यक सेवाहरु छिटो छरितो ढंगले प्रदान गर्दै सरकार तथा नियमनकारी निकायले लिएको निति अनुरुप बिमा क्षेत्रमा टेवा पुऱ्याउन प्रतिवद्ध रहेको बताइन् ।

कम्पनीले आधुनिक बिमा सेवाका सबै प्रविधिहरु प्रयोग गरी प्रविधिमा आधारित बिमा सेवा स्थापित गर्ने उद्देश्यका साथ अगाडि बढिरहेको बताउँदै जोखिम ब्यवस्थापन, कर्मचारी ब्यवस्थापन, तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सबल बनाउनुका साथै प्रभावकारी सेवा सुविधाहरु दिने तर्फ जोड दिइएको बताएको छ ।

वार्षिक साधारण सभामा शेयरधनीहरुले आफ्नो मन्तव्य राख्दै कम्पनीले पुँजी बृद्धिको अनुपातमा १६.३२ प्रतिशत लाभांश बितरण गर्नसक्नु गौरवको कुरा रहेको बताउँदै कम्पनीको प्रगती अत्यन्त सन्तोषजनक रहेको र आगामि दिनमा अझ राम्रो गर्दै जान सुझाव तथा सफलताको शुभकामना व्यक्त गरेका छन् । बोनश शेयर बितरण पश्चात कम्पनीको चुक्ता पूजी १ अर्ब ५ करोड ६२ लाख ७५ हजार पुगेको छ । साथै कम्पनीले केन्द्रिय कार्यालय सहित ५६ भन्दा बढी शाखा, उपशाखा तथा सेवा केन्द्रहरुबाट सेवा प्रदान गरिरहेको छ ।

# साधना लघुबित्तले गऱ्यो कर्जा मिनाहा

**काठमाडौं/मस-**साधना लघुबित्त बित्तीयले मृत्यु भएका संस्थाका ऋणीको ऋण मिनाहा गरेको छ । शुक्रबार शाखा कार्यालय हरमटारीले कार्यक्रम आयोजना गरी ऋणी सदस्य हिरामाया अधिकारीको ऋण मिनाह गरेको हो । श्रावण १४ गते हृदयघातका कारण मृत्यु भएकोमा बित्तीय संस्थालाई तिर्न बाँकी साँबा ब्याज गरी रु ६२,७८४ रुपैयाँ मिनाहा गरेको छ । तिरिसकेको साँवा १२७५० रुपैयाँ र काजक्रिय खर्च २१,९६६ रुपैयाँ समेत गरी ३४७१६ रुपैयाँ निजको श्रीमान् खोप बहादुर अधिकारीलाई गोरखा न.पा बडा नं. ३ का वडा अध्यक्ष राम बाबु बोगटीले हस्तान्तरण गरेका थिए । कार्यक्रममा बोल्नुहुदै वडा अध्यक्ष बोगटीले बित्तीय संस्थाले समुदाय संग हातमालो गर्दै मृतक सदस्यको कर्जा मिनाहा गरी निजको आश्रीत परिबारलाई आर्थिक सहयोग समेत प्रदानगरेका हुन । बित्तीय संस्थाले ग्राहक अनुकुल गुणस्तरीय बित्तीय सेबा प्रबाह गर्दै सदस्यहरुलाई सिप मुलक तालिम,बजारीकरण र बिश्बसनीय कारोबार गर्न बित्तीय संस्था प्रतिबद्ध रहेको बित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत रेशम न्यौपानेले जानकारी दिए ।

# कालिका लघुवित्तले उठायो खराब कर्जा

**काठमाडौं/मस–** चालू आवको दोस्रो त्रैमासमा कालिका लघुवित्त वित्तीय संस्थाले रू. ८५ लाख ५५ हजार खराब कर्जा उठाउन सफल भएको छ।

कम्पनीले गत आवको दोस्रो त्रैमासमा रू. ४९ लाख ४८ हजार खराब कर्जा उठाएको थियो। चालू आवको दोस्रो त्रैमासमा कम्पनीले रू. २७ लाख नाफा कमाएको छ। यो नाफा गत आवको दोस्रो त्रैमासको तुलनामा ४४ प्रतिशतले घटेको हो। सो अवधिमा कम्पनीले रू. ४९ नाफा कमाएको थियो। कम्पनीको चुक्ता पूँजी रू. २५ करोड २३ लाख छ। कम्पनीले जनसेवी लघुवित्त संग मर्जर पछि पूँजी वृद्धि भएको हो। रिर्जभ कोषमा रू. १४ करोड ६५ लाख छुट्याएको छ।

दोस्रो त्रैमाससम्ममा कम्पनीले रू. १ अर्ब १ करोड निक्षेप संकलन गरेको छ भने रू. २ अर्ब ४८ करोड कर्जा प्रवाह भएको हो। प्रतिशेयर आम्दानी रू. १३ दशमलव ९३(वार्षिक), मूल्य आम्दानी अनुपात ५० दशमलव १८, तरलता अनुपात ९ दशमलव ७२ प्रतिशत र प्रतिशेयर नेटवर्थ रू. १३३ दशमलव ४० छ।

# चन्द्र ढकाललाई एसियन लिडरसिप अवार्ड

**काठमाडौं/मस–** आइएम ग्रुपका अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष चन्द्रप्रसाद ढकाल 'एसियन लिडरसिप अवार्ड' बाट सम्मानित भएका छन् । एसियाली व्यवस्थान संघहरुको साझा संस्था एसियन एसोसिएसन अफ म्यानेजमेन्ट अर्गनाइजेसन्स, (आमो) र नेपाल व्यवस्थापन संघद्वारा शुक्रबार राजधानीमा आयोजित एक कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले ढकाललाई सो सम्मान प्रदान गरेका हुन् ।

राष्ट्रिय उद्यमशिलताको विकास गरी नेतृत्वदायी भूमिकामा रहेका र देशको आर्थिक विकास र समृद्धिका लागि व्यावसायको माध्यमबाट महत्वपूर्ण योगदान पुर्याएका एकजना कुशल व्यवस्थापकलाई आमोले यो अवार्ड प्रदान गर्ने गर्दछ। सन् २०२० का लागि नेपालबाट ढकाललाई यो अवार्ड प्रदान गरिएको हो । नेपालको सबैभन्दा ठूलो बैंक ग्लोबल आइएमइ बैंक तथा चन्द्रागिरि हिल्स लिमिटेडका अध्यक्ष ढकाललाई नेपालको व्यावसायिक क्षेत्रमा उनको कुशल, सफल र प्रेरणादायी नेतृत्वका लागि यो अवार्ड प्रदान गरिएको उक्त संस्थाले जनाएको छ ।

अवार्ड प्राप्त भएपछि ढकालले आफूलाई यस अवार्डले आगामी दिनमा कामगर्न अझ उत्साह र प्रेरणा मिलेको प्रतिक्रिया दिए । उनले यो अवार्ड आफूले प्राप्त गरे पनि वास्तवमा नेपालको समग्र निजी क्षेत्रप्रति गरिएको एक सम्मान भएको बताए ।

लोकतन्त्रको विकासका लागि शान्ति अनिवार्य शर्त हो । त्यसैले राष्ट्रिय शान्ति कायम गर्न सबैले यथोचित योगदान दिऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

हार्दिक बधाई तथा शुभकामना

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसियसनको ... अध्यक्ष नरेन्द्र ढकाल, वरिष्ठ उपाध्यक्ष तारानाथ अर्याल, उपाध्यक्ष जनक खड्का (प्रकाश), महासचिव भवानि निरौला, सचिव कमल कापले, कोषाध्यक्ष कृष्ण कुमार जैसी तथा निर्विरोध निर्वाचित सहकोषाध्यक्ष अमिर बास्तोला एवं कार्यसमिति सदस्यहरु ईश्वर सापकोटा, नारायण भुसाल, तोरण कुमार कार्की, चन्द्र बहादुर लिम्बु, सेते लाल पौडेल, नरेन्द्र मणी पराजुली, विक्रम श्रेष्ठ, नगेन्द्र प्रसाद पोखरेल (नवीन), राजेश गौतम र राजेश यादव प्रति हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।
सीतादेवी श्रेष्ठ, प्रकाशक
मदनकुमार श्रेष्ठ, सम्पादक
तथा मध्यान्ह दैनिक Madhyanha Daily परिवार

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुविधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको वार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९८७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालबन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ